राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ४२, जेठ १५ गते शुक्रबार, २०८३ (29 May, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# एमालेमा नेतृत्व परिवर्तनको सकस

## 'पुनर्गठन' पक्षधरलाई 'कारबाही' गर्ने ओलीको चेतावनी, पछि नहट्ने नेताहरूको संकेत

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) को सचिवालय बैठकमार्फत 'नेतृत्व पुनर्गठन' को बहस चलाएर सीमित बाहेक सवैजसो नेताहरू ओलीको विकल्प खोज्न सहमत भइसकेको खबर बाहिरिएका बेला अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भने 'पुनर्गठन' पक्षधरहरूमाथि 'कारबाही' गर्ने स्पष्ट चेतावनी दिइरहेको खबर प्रकाशमा आएको छ।



अध्यक्ष ओलीले सचिवालय बैठकलाई सम्बोधन गर्दै 'पार्टी र नेतृत्वमाथि संकट आइपरेका केला झन् अप्ठ्यारोमा पार्ने गरी पुनर्गठनको बहस गर्न थालेकाले त्यस्ता गतिविधि सह्य र क्षम्य हुन नसक्ने' टिप्पणी गर्दै त्यस्तो प्रस्ताव अघि बढाउने र समर्थन जनाउनेहरूलाई 'अनुशासनको कारबाही गर्ने' चेतावनी दिएको एमाले सचिवालयमा रहेका एक नेताले जनजिब्रोलाई बताएका छन् । 'यस्ता गतिविधि पार्टी फुटाउने षड्यन्त्र नै भएको' भन्दै पार्टी र नेतृत्वले त्यस्तो प्रयासमा कदापि 'इन्टरटेन' नगर्ने चेतावनी समेत ओलीले दिएको ती नेताको भनाइ छ । सोमबारको सचिवालय बैठकमा करिव एक घन्टासम्म आफ्नो धारणा राखेका ओलीले पार्टी पुनर्गठनको बहस चलाउने नेता-कार्यकर्ताहरूप्रति आक्रोश पोख्दै 'पार्टी नेतृत्व संकटमा परेका बेला, आन्दोलन कमजोर बनाउन खोजिएका बेला 'पुनर्गठन गर्नुपर्छ' भन्दै बहस चलाउनु अराजकता भएको टिप्पणी गरे । त्यस्ता नेताहरूमाथि कारबाही गर्ने उनको आशय स्पष्टै देखिएको ती नेताले बताए । बैठकमा बोल्दा कसैको नाम नतोके तापनि ओलीको आक्रोश उपाध्यक्ष विष्णुप्रसाद पौडेल, उपमहासचिव योगेश भट्टराई, नेता सुरेन्द्र पाण्डेलगायततर्फ लक्षित भएको ती नेताको भनाइ छ ।

ओलीको व्यवहार र शैलीकै कारण २१ फागुनको

क्रमशः अन्तिम पृष्ठमा

# स्थानीय सरकारको महत्त्व र गरिमा व्यापक र गहन : राष्ट्रपति

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलले संघीय लोकतान्त्रिक गणतन्त्रमा स्थानीय सरकारको महत्व र गरिमा व्यापक र गहन भएको बताएका छन् । बुधबार सुनसरीको कोशी गाउँपालिकामा निर्मित लौकही सिटीहलको उद्घटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले जनताका न्यूनतम र आधारभूत आवश्यकता तथा जनचाहना अनुरूप विकासलाई तीव्रता दिएर संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य-मान्यता र आदर्शलाई सबल बनाउनुपर्नेमा समेत जोड दिए ।

'शान्ति, विकास र सुशासनको माध्यमबाट नै जनताको हित र चाहना पूरा हुनुका साथै संविधान र शासन प्रणालीले राखेको उद्देश्य पूरा हुन्छ, यसतर्फ तपाईंहरूले विशेष ध्यान दिनुहुनेछ भन्ने मैले आशा राखेको छु'- राष्ट्रपति पौडेलले भने । स्थानीय तह नै जनताको सबैभन्दा नजिकको सरकार भएको उल्लेख गर्दै जनअपेक्षा अनुरूप सेवा प्रवाह गर्नु, सुविधा उपलब्ध गराउनु तथा विकासका कार्यहरू सञ्चालन गर्नु स्थानीय सरकारको महत्त्वपूर्ण दायित्व भएको उनले बताए । 'यसै सन्दर्भमा यो ग्रामीण क्षेत्रमा यस्तो आधुनिक तथा बहुउपयोगी सिटीहलको निर्माण हुनु निकै सराहनीय छ, यो परियोजना विकासमा तीनै तहका सरकारबीच हुने सहकार्यको राम्रो उदाहरण पनि हो'- राष्ट्रपति पौडेलले भने । सप्तकोशी नदीको किनारमा अवस्थित कोशी गाउँपालिका ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले समेत महत्त्वपूर्ण ठाउँ भएको उल्लेख गर्दै सप्तकोशी नदीको कुशाहाघाटमा प्रजातन्त्र प्राप्तिका लागि क्रान्ति भएकाले यस ठाउँको सम्बन्ध प्रजातान्त्रिक आन्दोलनसँग समेत जोडिएको उनले स्मरण गरे ।

'सप्तकोशी समिपमा महत्त्वपूर्ण धार्मिकस्थलहरू बराहक्षेत्रधाम, रामधुनी, पिण्डेश्वर, दन्तकाली तथा बुढासुब्बा मन्दिर छन् । तसर्थ, यस क्षेत्रको भ्रमणबाट मलाई मनोरम अनुभुति पनि भएको छ । ऐतिहासिक, भौगोलिक तथा धार्मिक दृष्टिकोणले पनि महत्त्वपूर्ण यो ठाउँ पर्यटन विकासको प्रचुर सम्भावना भएको ठाउँ पनि भएकाले यसलाई त्यही रूपमा विकास गर्न म सम्बद्ध सबै पक्षसँग आग्रह गर्दछु'- उनले भने ।

यसै स्थानमा २०६५ मा कोशी बाँध फुट्दा वस्ती नै विस्थापित भएको थियो । तर, पुनः बस्ती स्थापित भएको र विकासका गतिविधिहरू तीव्र रूपमा सञ्चालन भएको देख्दा आफूलाई खुशी लागेको राष्ट्रपति पौडेलले बताए । तीनै तहका सरकारको हातेमालोबाट बाढीपीडित र जोखिमयुक्त यस क्षेत्रमा विपद व्यवस्थापनको पूर्वतयारीका लागि पर्याप्त व्यवस्थागर्न ध्यान पुऱ्याइने अपेक्षा समेत आफूले राखेको उनले बताए ।

# क्रान्तिकारी भूमिसुधार : मार्क्सवादी दृष्टिकोण–२

**समय सन्देश**
सुदीप श्रेष्ठ

*ओत्रेज्की*को समर्थनको नीतिको मुख्य उद्देश्य यस लेखमा माथि भनिए झैं भूमिमा रहेको सामन्तहरु पुर्ख्यौली एकाधिकारलाई तोड्नु थियो । किसानहरु, जो पुस्तौंदरपुस्तादेखि जीवीकोपार्जनका लागि त्यसमा खेती गरिरहेका थिए; त्यो उनीहरुबीच नै रहने दिनेगरी बाँड्नु थियो । उनीहरुलाई समाजवादी क्रान्तिमा सरिक गराउनु र सामाजिक रुपान्तरणसंगै उनीहरुको जीवनस्तरको उच्च रुपान्तरण थियो । यद्यपि लेनिनले शाब्दिक रुपमा '*जसको जोत, उसको पोत*' भन्ने नारा दिएका त थिएनन्, तर *ओत्रेज्की* को पक्ष लिनु भनेको यो नारा नै हो भन्न बुझ्न कठीन हुन्न । आत्रेज्की नाराको पृष्ठभूमि खासगरी त्यति खेर रूसमा अलेक्जाण्डर द्वितीयको पालामा भूदास प्रथा उन्मुलनको लागि सन् १८६१ मा लागू गरिएको सुधार कानून (The Great Reform of 1861) थियो ।

सन् १८६१ को यो कानून भूदासहरुको 'मुक्ति' (Emancipation) का लागि भनिए पनि वास्तवमा यसले किसानहरुलाई झन् बेखलबन्द गरायो जुन नयाँ चरणको भूदास प्रथाजस्तो थियो । यसले एकातिर उनीहरुलाई पुर्खौंदेखि जीवीकोपार्जनको लागि खेती गरी आएको जमिनबाट 'मुक्त' गरायो भने यो मुक्तिको उनीहरुले ठूलो मूल्य पनि चुकाउनु पऱ्यो । *ओत्रेज्की* ले गर्दा किसानहरुले पहिले जोतिआएको भन्दा कमसलको जमिनमात्र राख्न पाउँने भए। राम्रो जमिन जमीन्दारहरुले नै राख्ने भए । आफैले जोति आएको भूमि पनि महँगो मूल्यमा किन्नु पर्ने भयो । त्यसको लागि चालिस वर्ष सम्मको समय दिइयो । रकम तिर्न नसक्दा बेगारीमा

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ४२, जेठ १५ गते शुक्रबार, २०८३

## सम्पादकीय

# अशोभनीय र घातक अलमलमा एमाले

यसअघिको संसदमा दोस्रो ठूलो दलका हैसियतमा रहेको अनि ०८२ को भदौ २४ गते बिहानसम्म सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले) २१ फागुनको चुनावी परिणामपछि निकै घातक र अशोभनीय अलमल र किंकर्तव्यविमूढताको स्थितिबाट गुज्रिरहेको छ। एमालेको यसखाले अलमल स्वयम् उक्त पार्टी, त्यसका नेताहरू, कार्यकर्ताहरू र समर्थक-शुभचिन्तकदेखि मतदाताहरूसम्मका लागि क्षतिप्रद त छँदैछ; साथसाथै समग्र राष्ट्र र आम नेपाली जनताका लागि समेत घातक छ।

पार्टीको स्थापित विधि, पद्धति, प्रणाली र विधानअनुरूपको दुई अध्यक्षीय कार्यकाल पूरा गरिसकेका केपी शर्मा ओली उक्त पार्टीभित्रका उनकै भाषाअनुसारका 'लोभीपपीहरू' को आड लिएर छलकपटपूर्ण किसिमले तेस्रो कार्यकालका लागि समेत आफैं अध्यक्ष बने। ओली र उनी पक्षधरहरू यतिबेला एमालेको जे-जति शक्ति र प्रभाव छ, त्यति पनि आफूविना सम्भव नभएको दावी गरिरहेका छन्। त्यसका विपरीत उक्त पार्टीको केन्द्रीय सचिवालय हुँदै भुइँतहसम्मकै बहुमत (घोषित-अघोषित) नेता-कार्यकर्ताहरू भने ओली र उनी निकटहरूकै कारणले गर्दा एमाले 'यो हविगत' मा पुगेको दावी गरिरहेका छन्। यतिबेला मूलतः यही परिवेशले नै एमालेलाई निष्कृय, अनिर्णयको बन्दी र अन्योलग्रस्त अवस्थामा पुऱ्याइरहेको देखिँदैछ।

यो स्थितिको समाधान वा निकास के-कसरी हुने हो, त्यो त एमालेकै नेता र कार्यकर्ताहरूले जान्ने र गर्ने कुरा हो। तर, पटक-पटक मुलुकको बागडोर समालिसकेको र अहिले पनि देशको ठूलो जनसङ्ख्याले आशा र भरोसा गरिरहेको एउटा राजनीतिक दल वा शक्ति लामो समयसम्म यसै स्थितिमा रहिरहन मिल्दैन। अतः छिटो निकास निकाल; गति लेऊ।

# क्रान्तिकारी भूमिसुधार...

काम गर्नु पर्ने भयो। भूमिको स्वामित्व पनि उनीहरूको व्यक्तिगत नभई सामुहिक रूपमा ग्रामीण कम्युन वा *मीर* को अधिनमा हुने भयो। किसानहरूले आफूलाई छुट्याइएको जमिनबाट कानूनतः छुटकारा पाउँने भएनन्। उनीहरूले खेतीको लागि भूमि लगानमा अन्यलाई दिन त सक्थे, तर कामको खोजीमा गाउँ बाहिर जान प्रहरीको सिफारिस लिनुपर्ने हुन्थ्यो (रोचेस्टर १९४२, पृ. १२)। लेनिनले यस कथित सुधारलाई किसानहरूमाथि गरिएको खुल्ला 'कानूनी डकैती'को संज्ञा दिए (उही, पृ. २७)। यस कानूनको किसानहरूद्वारा व्यापक विरोध भएपछि किसानहरूलाई सामुहिक दायित्वबाट मुक्त गर्ने आश्वासन स्वरूप सन् १९०३ फरवरी २६ मा रूसी शासक जारद्वारा घोषणपत्र जारी गरियो। तर त्यसले पनि केही काम गरेन र विरोधको स्वर रोकिएन (लेनिन १९०३, पृ. ४९)।

पछि ९ नवम्बर १९०६ मा पिटर स्टोलिपिन, जो *सय-काला सामन्तहरु* (Black-Hundred landlords) र *अक्टोबरवादीहरु* का समर्थक थिए, को सरकारले सन् '१८६१ को महान् सुधार'को ४५ वर्ष पछि जनताको समृद्धि र रूसको औद्योगिकीकारणको लागि भन्दै आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर अर्को *कृषि सुधार कानून* लागू गरे। यसले कृषि कानूनमा दुईवटा महत्त्वपूर्ण घोषणाहरु गऱ्यो। पहिलाथियो किसानहरूलाई कम्युनबाट हट्ने अधिकार र आफ्नो जग्गालाई निजी सम्पत्तिको रूपमा राख्न पाउँने अधिकार। त्यसै गरी दोस्रो अधिकार थियो किसानहरूलाई आफ्नो जग्गा किसान बैंकमा धितोमा राख्न पाउँने। यो किसानहरु असन्तुस्टि दबाउने तरीका थियो। सन् १८६१ को सुधार कानूनले जमीन्दारहरूलाई किसानको जमिनमा लुट मच्चाउँने छुट दियो भने १९०६ को कानूनले कुलाकहरूलाई। लेनिनले यो कानूनलाई रूसको किसान भूमि सम्बन्ध *कृषि बोनापार्टीबाद* तर्फ अर्थात् आर्थिक रूपमा उदार पुँजीवाद तर्फको गएको ठोस परिवर्तन व्याख्या गरे (सीपीएसयू १९४३, पृ. १०४-५; ट्रापेजनिकोभ १९७६, पृ. १८२-८४)।

सन् १९०५-७ मा भएको पहिलो रूसी क्रान्ति असफल भए पनि यसले एउटा महत्त्वपूर्ण पाठ सिकायो। यसले किसानहरूमा रहेको क्रान्तिकारी शक्ति उजागर गऱ्यो। केही ढुलमुल वर्गीय चरित्रको बावजुद यो वर्ग सर्वहारा वर्गको भरपर्दो मित्रशक्तिको रूपमा हुनसक्ने प्रमाणि भयो (सीपीएसयू १९४३, पृ.१०९-११; म्याकरास र नाइट १९८६, पृ.३५-३७)। सन् १९०५ को क्रान्तिको तीनवटा प्रमुख मागहरु थिए जसले १९१७ को अक्टोबर क्रान्तिसम्म निरन्तरता पायो। ती थिए: सबै ज्यालादारी मजदुरहरूको लागि दैनिक आठ घण्टाको कामको अवधि, पूर्ण जनवादी गणतन्त्र र सामन्तको जग्गाको जफत (रोचेस्टर १९४२, पृ.८१)। यहाँ स्मरणीय के छ भने रूसीसजमपार्टीको तेस्रो महाधिवेशन (१९०५)ले यस अघिको पार्टीका कार्यक्रमहरुमा औपचारिक फेरबदलको निर्णय नलिए पनि कृषि क्रान्तिको सम्बन्धमा नयाँ कार्यदिशा तय गऱ्यो। यस अन्तर्गत किसानरूलाई संघर्षको दौरान हरेक किसिमले सहयोग गर्ने लगायत सामन्तहरूको जग्गा जफत गर्ने नीति पनि थियो (उही, पृ. ५८)। यो क्रान्तिले मजदुर र किसानहरूको संयुक्त संघर्षबाट पुँजीवादी जनवादी क्रान्ति सफल पार्दै समाजदवादको संघर्ष तर्फ अघि बढ्न सकिने थप विश्वास लेनिनलाई दिलायो र कृषि क्रान्ति सम्बन्धि नीति बनाउँन थप प्रेरणा प्रदान गऱ्यो (उही, पृ.५१)।

**४.२ भूमिको रास्ट्रियकरण: मार्क्सवादको सैद्धान्तिक प्रस्थापना तथा आर्थिक सिद्धान्त**

रूसी क्रान्तिको बदलिंदो अवस्थाले गर्दा लेनिनले भूमिसम्बन्धि नयाँ रणनीतिको लागि आफ्नो विभिन्न लेख-रचनाहरु पार्टी भित्र र बाहिर (खासगरी नारदोनिकहरूसंग त धेरै पहिले १८९० को दशकदेखि नै) बहस चलाउँदै आइरहेका थिए। हिजो *ओत्रेज्की* को समर्थनमा मात्र रहेका लेनिन अब सामन्तहरूबाट भूमि जफत गर्ने र त्यसको रास्ट्रियकरण गर्ने जस्ता क्रान्तिकारी भूमिसुधारका अर्को मुख्य कार्यक्रमको पक्षमा उभिए। मेन्सेभिकहरूले तेस्रो महाधिवेशन (१९०३) बहिष्कार गरे तापनि भूमि जफतको समर्थनमा मत प्रकट गरेका थिए।

रूसीसजमपार्टीको चौथो अर्थात् "एकता महाधिवेशन" (१९०६) अघि भूमिको रास्ट्रियकरणको बहसमा विभिन्न चारवटा विचारहरु देखा परेका थिए। पहिलो, केहीले यसको विरोध गर्दै ठूला जागीरहरु (estates) हरु विखण्डन गर्नु भनेको प्रतिकृयावादी तरीका हुने र *ओत्रेज्की* कै समर्थनमा रहनु पर्ने मत जाहेर गरे। दोस्रोमा केहीले जफत गर्नु उपयुक्त हुने भन्दै वितरणको विधिहरूमा असहमत जनाए। उनीहरूको विचारमा रास्ट्रियकरण गर्नुभन्दा नारदोनिकहरूले भनेझैं किसानहरूलाई नै भूमि वितरण (Black Redistribution) गर्दा उनीहरु बीच समानता पैदा हुन्छ भन्ने सोंच राख्दथे। तेस्रोमा मेन्सेभिकहरु पर्दथे जो किसानहरु र अन्य साना स्वामित्वको मालिक हुनेहरूको बीच भूमिमा संयुक्त स्वामित्वको प्रस्ताव गर्दै जफत गरिएको भूमि स्थानीय अधिकारी *जेमस्तभो* (zemstvo) को मातहत हुनुपर्ने विचार राख्थे। र, चौथो पक्षमा स्वयं लेनिनको विचार र बोल्शेभिकहरुथिए जो भूमिको रास्ट्रियकरणको पक्षमा थिए। चौथो महाधिवेशन (१९०६) को बेला अधिकांश बोल्शेभिकहरु पक्राउ परेकोले मेन्सेभिकहरूको झिनो बहुमतले भूमिको *नगरपालिकाकरण* (Municipalisation) गर्ने भन्ने प्रस्ताव पारित भयो। यसप्रति लेनिनको विरोध जारी नै रह्यो। पाँचौ अधिवेशन (मे, १९०७) मा बोल्शेभिकहरूको स्पष्ट बहुमत हुँदा पनि यो *नगरपालिका-करण*को निर्णयलाई परिमार्जित गरिएन (उही, पृ. ५९-६१)।

सन् १९०५ को सेप्टेम्बर ५ सम्म पनि भूमिको रास्ट्रियकरणको मागले क्रान्तिले बाटो बिराउँछ कि लाग्थ्यो, यद्यपि क्रान्तिले लिनुपर्ने बाटो यही नै हो भन्नेमा उनी आफू चाहिं विश्वस्त थिए। उनको विचारमा राजतन्त्र र निरंकुशता अन्तर्गतमात्र भूमिको रास्ट्रियकरणको माग गलत हुन्छ किनभने यो मुँगले पुरानो शक्तिलाई नै बल पुऱ्याइरहेको हुन्छ र ग्रामीण वर्गसंघर्षलाई निस्तेज पारिरहेको हुन्छ। अर्को तर्फ, किसानहरूलाई भूमि बाँड्नु प्रगतिशील कदम भए तापनि सन् १९०५ को क्रान्तिको माग त्यो भन्दा अघि बढिसकेको थियो अर्थात् भूमिको रास्ट्रियकरण तर्फ जुन पुरानो संरचना भत्काएर नयाँ निर्माणको लागि जरूरी थियो। लेनिनको विचारमा अहिलेको अवस्था नबुझी *ओत्रेज्की* कै समर्थन गर्नु भनेको सन् १९०२ भन्दा अघिको समयमा रहनु हो। यद्यपि, लेनिनले समाजवादी दृष्टिकोणबाट नभएर बुर्जुवा दृष्टिकोणबाटै भए पनि सन् १९०२ मै भूमिको रास्ट्रियकरण सन्दर्भ कोट्याएका थिए जुन आउँदा दिनमा प्रमाणित हुन्छ भन्ने उनलाई लागेको थियो (उही, पृ.६४)।

भूमिको रास्ट्रियकरणको सोंच पछाडी लेनिनका केही निश्चित सैद्धान्तिक मान्यताहरु थिए। त्यो थियो: रूसमा कृषि उत्पादन सामन्ती-भूदास तथा पुँजीवादी उत्पादन को दोसाँधमा हुनु (उही, पृ.६४)। आफ्नो पुस्तक 'रूसमा पुँजीवादको विकास' को भूमिका (जुलाई, १९०७) मा उनले रूसी क्रान्तिको वर्तमान आर्थिक अवस्थाको आधारमा यो दोसाँधको विकास दुई तर्फ हुनसक्ने सम्भावना औल्याउँछन्। पहिलो हो, *जंकर अर्थतन्त्र* (Junker economy) अर्थात् प्रशियन पुँजीवादी बाटो (Prussian Path)। यसमा सामन्तहरु जो पुँजीपति भएका हुन्छन्, उनीहरूको भूमिमाथिको एकाधिकार बदलिंदो रूपमा कायमै रहन्छ। त्यसमा भूदास प्रथाको अवशेष कायमै रहन्छ। भूदासहरुलाई नै ज्यालादारी मजदूरको रूपमा काम गराइन्छ। संक्रमणको यो बाटो अति रूढीवादी हुन्छ। संक्रमणको दोस्रो बाटो क्रान्तिकारी तथा जनवादी बाटो। यसमा सामन्ती अर्थतन्त्र र भूदासका अवशेषहरूलाई क्रान्तिद्वारा नस्ट गरिन्छ। जति चाँडो भूदासताको अवशेषलाई समाप्त पारिन्छ, उति चाँडो सम्पूर्ण कृषि अर्थतन्त्र पुँजीवादमा परिणत हुन्छ। पुँजीवादी संक्रमणको यो बाटोमा सामन्तहरूको भूमि विना मुआवजा कब्जा गरिन्छ। भूमिमाथिको एकाधिकारलाई समाप्त पारिन्छ। समानतावादी सिद्धान्तको आधारमा भूमिहिन गरीब किसानहरूलाई जग्गा बाँडिइन्छ। यसमा साना किसानहरूको स्वतन्त्र विकास हुन्छ। भूमिको स्वामित्वको आधारमा सामाजिक प्रतिष्ठा निर्धाण हुँदैन। फ्रान्सले पुँजीवादको यो बाटो समातेको थियो। अमेरिकामा पनि यस्तै भएकोले पुँजीवादको संक्रमणको यो बाटोलाई अमेरिकी पुँजीवादी बाटो (ब्भचष्अबल एबतज) भनेर पनि जानिन्छ। पुँजीवादको संक्रमणको 'दुई बाटो' जसलाई मार्क्सले अघि सारेका थिए, त्यसलाई लेनिनले रूसीसजमपार्टीको कृषि कार्यक्रम बनाउँदा थप विकसित गरे। (लेनिन १९७७, पृ. ३१-३४; पटनायक २०११, १९-२२; सेन १९८४, पृ. ५८)।

लेनिनले महान् अक्टोबर समाजवादी क्रान्ति (१९१७ अक्टोबर २५) को सफलतापछि रूसी परिस्थितिमा माथि उल्लेख गरिएको भूमिसुधारको दोस्रो अर्थात् क्रान्तिकारी तथा जनवादी बाटो अंगाले। अक्टोबर क्रान्तिको केही महिना अघि उनको एउटा लेख *वर्तमान क्रान्तिमा सर्वहारा वर्गको भूमिका*– जो *अप्रिल थेसिस* (अप्रिल ७, १९१७) को नामले पनि प्रसिद्ध छ—शीर्षकमा प्राभ्दा, अंक २६, २०१७, अप्रिल ७, मा छापियो। यसमा उनले युद्ध प्रतिको नीति, क्रान्तिको अवस्था, तत्कालीन सरकारबारे लिनु पर्ने नीति तथा सरकारले गर्नु पर्ने कार्य, सर्वहारा र पार्टीको दायित्व आदि गरी जम्मा दशवटा बुँदामा नितान्त आफ्ना व्यक्तिगत तथा प्रारम्भिक विचारहरूको खाका छलफलको लागि प्रस्तुत गरेका थिए। यसको बुँदा नं. ६ मा निम्नानुसार कृषि सम्बन्धि कार्यक्रमबारे उल्लेख गरिएको छः

**अप्रिल थेसिसको बुँदा नं. ६ मा उल्लेखित कृषि कार्यक्रमः**

- कृषि कार्यक्रमको दायित्व कृषि मजदुरहरूको प्रतिनिधीहरूको स्थानीय जनसत्ता (Soviet) मा हस्तान्तरण हुने।
- सम्पूर्ण भूमि *जागीरहरु* (landed estates) जफत हुने।
- देशका सबै भूमिहरुको रास्ट्रियकरण हुने, त्यसको व्यवस्थापनको जिम्मेवारी कृषि मजदुरहरु तथा किसानहरूको प्रतिनिधि भएको स्थानीय जनसत्ता (Soviet) ले गर्ने, गरीब किसानहरुको प्रतिनिधिहरूको छुट्टै स्थानीय जनसत्ता (क्यखष्भत) को संगठन हुने, ठूला *जागीरहरु* (estates), (स्थानीय तथा अन्य अवस्थाहरूको आधारमा स्थानीय निकायहरूको निर्णय अनुसार नमूना खेतीको आकार १०० देखि ३०० डेसियानिन्सको हुने) जुन सार्वजनिक हितको लागि कृषि मजदुरहरूको जनसत्ताको अधिनमा हुने।

माथि उल्लेखित अप्रिल थेसिसमा लेनिन (२०१७ अप्रिल) ले सूत्रबद्ध रूपमा संक्षेपमा कृषि कार्यक्रमको रूपरेखा प्रस्तुत गरे। यसमा उनले कृषि कार्यक्रको दायित्वको बहन, सामन्तहरूको जफत गरिएको भूमिको रास्ट्रियकरण पश्चात त्यसका व्यवस्थापनका विधिहरु, कृषि मजदुर तथा किसानहरूको भूमिमा अधिकार, नमूना कृषि खेती आकारको स्वरूप, गरीब किसानहरुको स्थानीय जनसत्ता, जनहितप्रति उत्तरदायी कृषि प्रणाली, आदिबारे उल्लेख गरे जनु वास्तविक रुपमा क्रान्तिकारी भूमिसुधारका चरित्र र विशेषताहरु हुन्। क्रान्तिको निकट पूर्वका आफ्ना यी विचारहरूलाई लेनिन (२०१७ अक्टोबर) ले क्रान्तिको भोलीपल्टै अक्टोबर २६ (८ नोभेम्बर) का दिन *भूमि सम्बन्धी निर्णय* (Decree on Land) र *भूमिमा किसानको अधिकार* (Peasant Mandate on the Land) को घोषणा *भूमि सम्बन्धि रिपोर्ट* (८ नोभेम्बर १९१७) मार्फत पूरा गरे। *भूमि सम्बन्धि निर्णय* ले चार निर्णयहरु समेटेका छन्। त्यो हो, विना मुआब्जा भूस्वामित्वको उन्मूलनदेखि राजा, गुम्बा र चर्चका सबै सम्पत्तिहरु जफतसम्म र त्यसको हेरचाहदेखि कृषि प्रणालीलाई जनताको पक्षमा गरिने क्रान्तिकारी सुधारसम्म। त्यसैगरी *भूमिमा किसानको अधिकार* ले साना किसानहरुको भूस्वामित्वको अधिकारलाई संरक्षण गर्दै भूमिमाथिको निजी स्वामित्वलाई सदाको लागि अन्त्य गऱ्यो।अबदेखि भूमिको बेचविखन, त्यसलाई लिज वा धितोमा राख्न नपाइने भयो वा अन्य तरिकाले भूमिलाई छुट्याउँन (alienate) नपाइने भयो। भूमिमाथिको किसानको अधिकारले भूस्वामित्व र कृषि सुधारसंग सम्बन्धित विभिन्न आठवटा अधिकारहरूको पारित गऱ्यो।

अक्टोबर क्रान्तिपछि भूमिको रास्ट्रियकरण गरेर लेनिनले मार्क्स (१८७२) ले द इन्टरनेशनल हेराल्ड (१५ जून १८७२ अंक ११) मा 'भूमिको रास्ट्रियकरण' शीर्षकको लेखमा लेख्नु भएको कुरा—१९ औं शताब्दीको महान् आर्थिक आन्दोलन यही मानवीय ध्येय (भूमिको रास्ट्रियकरण) तर्फ उन्मुख भइरहेको छ—हरूलाई पश्चिम युरोपको भन्दा एउटा फरक परिस्थिति रहेको देशमा सम्पन्न गरेर देखाइदिनु भयो। '*जसको जोत, उसको पोत*'ले सामन्ती भूस्वामित्व अन्तर्गत रहेको भूमिमाथिको एकाधिकारलाई 'तलबाट' तोड्ने कार्य गरेझैं भूमिको रास्ट्रियकरणले यो एकाधिकारलाई 'माथिबाट' तोड्ने कार्य गर्छ, जुन क्रान्तिकारी भूमिसुधारको एउटा मूल तत्त्व हो जसलाई लेनिनले व्यवहारमा लागू गरेर देखाई दिनु भयो।

भूमिको रास्ट्रियकरण लगानको मार्क्सवादी आर्थिक सिद्धान्तको पृष्ठभूमिमा पनि आधारित छ जुन सिद्धान्तको विस्तृत व्याख्या मार्क्स (१८९४) ले पुँजी भाग-३ मा गर्नुभएको छ। संक्षेपमा भन्नु पर्दा, यो सिद्धान्त अनुसार भूमिमा दुई किसिमको लगान हुन्छः पहिलो, निरपेक्ष लगान (Absolute Rent) र दोस्रो, विभेदीकृत लगान (Differential Rent)। पहिलो निरपेक्ष लगानको उत्पत्ति भूमिको पुर्ख्यौली एकाधिकारको कारणले हुन्छ अर्थात् भूमिमाथिको निजी स्वामित्वको कारण। तसर्थ किसानहरुले यो लगान भूमिपतिहरूलाई तिर्नु पर्दछ। यही एकाधिकारको कारणले गर्दा नै यो लेखको क्रान्तिकारी भूमिसुधारको उद्देश्यको खण्डमा भनिए झैं भूमिमा लगानी भित्रिनुमा अवरोध सिर्जना गरिरहेको हुन्छ। भूमिको रास्ट्रियकरणले यो एकाधिकारलाई तोड्छ। अब भूमि राज्यको अधिनमा हुन्छ। राज्यले भूमिमा

क्रमशः चौथो पृष्ठमा

# नेपालमा 'हान्टाभाइरस' : 'अफवाहको पछि नलाग्नोस्'

**काठमाडौं ।** स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले नेपालमा 'हान्टाभाइरस' संक्रमणको जोखिम न्यून रहेको उल्लेख गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले हान्टाभाइरस समूहको 'एन्डिज भाइरस'बाट संक्रमित हुने मुसा नेपालमा नपाइने भएकाले नेपालमा हान्टाभाइरसको जोखिम अत्यन्त न्यून रहेको बताएका हुन् ।

हालसम्म नेपालमा हान्टाभाइरसको संक्रमण पुष्टि नभएको जानकारी दिँदै उनले यो एक प्रकारको दूर्लभ भाइरस भएको समेत बताए । यो भाइरस मुख्यतः संक्रमित मुसाको पिसाब, दिसा र र्‍यालबाट मानिसमा सर्ने गर्दछ । तर वैज्ञानिक अध्ययन अनुसार मानिसबाट मानिसमा संक्रमण सीमित अवस्थामा मात्र सम्भव हुने र सामान्यतया अत्यन्त नजिकको सम्पर्कमा मात्र सर्ने सम्भावना रहेको हुन्छ । अफवाहको पछि नलाग्न तथा अनावश्यक आतंक सिर्जना नगर्न सबैमा मन्त्रालयले अनुरोध गरेको छ । मन्त्रालय तथा आधिकारिक निकायबाट जारी हुने सूचनामा मात्र विश्वास गर्न आग्रह गरेको छ ।

मन्त्रालयले हान्टाभाइरस संक्रमणको सावधानी अपनाउन समेत अनुरोध गरेको छ । मन्त्रालयले घर तथा वरपरको वातावरण सफा गर्न, मुसा प्रवेश गर्ने सम्भावित स्थान बन्द गर्न, मुसाको फोहोर सफा गर्दा मास्क तथा पञ्जा प्रयोग गर्न, हात साबुनपानीले नियमित धुने बानी गर्न, ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न आग्रह पनि गरेको छ ।

# तराईमा तातो हावासहित वर्षा

अहिले देशको मौसममा दोहोरो प्रभाव देखिएको छ । गण्डकीदेखि पूर्वी क्षेत्रमा प्रि-मनसुन सक्रिय बनेर पानी परेको छ भने लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने मौसम सुक्खा रहेको छ ।

विभागका अनुसार उपत्यका र तराई क्षेत्रमा तातो हावाको लहर चलिरहेको जानकारी दिँदै बिहीबार इलाको कन्याममा १२५ मिलिमिटर वर्षा भएको छ । पश्चिममा रूपन्देही, दाङ, बाँके, सुर्खेत, कैलाली र कञ्चनपुरलगायतका जिल्लामा भने तापक्रम ३६.७ देखि ४१ डिग्री सेल्सियससम्म मापन भएको छ । जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद बरुण पौडेलले पोखरा क्षेत्रमा बादल लागेर त्यहाँदेखि पूर्वी क्षेत्रमा पानी परे पनि पश्चिममा सुक्खा रहेको जानकारी दिए । 'प्रि-मनसुन अघिल्लो साताजस्तो देशभर सक्रिय छैन । खण्डित वर्षा भइरहेको छ' वरिष्ठ मौसमविद पौडेलले भने 'पश्चिम लुम्बिनीसहितका पश्चिम क्षेत्रमा अझै आइतबारसम्म गर्मी नै हुने देखिन्छ ।'

यसबाहेक पूर्वी भूभाग नजिक रहेको न्यूनचापीय क्षेत्रको प्रभावले पनि पानी परिरहेको हो । विभागका अनुसार आज (शुक्रबार) र भोली (शनिबार) पनि गण्डकीदेखि पूर्वी क्षेत्रमा वर्षाको सम्भावना रहेको छ भने लुम्बिनी र सुदूरपश्चिमका तराई क्षेत्रमा भने तातो हावा चल्नेछ । वर्षाले पूर्वी तराई र उपत्यका क्षेत्रमा राहत मिलेको छ । तापक्रम निरन्तर उकालो लागिरहेका बेला बिहीबार कोशी, बागमती र गण्डकीमा वर्षा भएपछि राहत मिलेको हो । पश्चिम मधेशमा भने ठूलो पानी नपरे पनि बादल लाग्दा केही राहत भएको छ । जल तथा मौसम विज्ञान विभागले बिहीबार विराटनगरमा ३७, संखुवासभाको चैनपुरमा ६२.६, सिराहामा ३६.२, सिन्धुपाल्चोकको गोब्रेमा ८३.२, काठमाडौंको कपनमा ३६.२, गोरखामा ४८.४, चितवनको खैरहनीमा ६०.२ र पोखरामा ५५.६ मिलिमिटर पानी परेको छ । नेपालगन्ज, धनगढी र दिपायलमा तापक्रम उच्च पश्चिममा नेपालगन्ज, धनगढी र दिपायललगायत क्षेत्रमा बिहीबार तापक्रम उच्च मापन भएको छ । ती क्षेत्रमा पानी परेको छैन । विभागका अनुसार नेपालगन्जको अधिकतम तापक्रम ४१.५ र न्यूनतम २८ डिग्री सेल्सियस मापन भएको छ । त्यस्तै, धनगढीमा अधिकतम ४१.३ र न्यूनतम २५.८ तथा दिपायलमा अधिकतम ४१.४ र न्यूनतम २१.४ डिग्री सेल्सियस मापन भएको छ ।

तुलनात्मक रूपमा डडेल्धुराको तापक्रम पनि ३०.८ डिग्री सेल्सियस कम गर्मी पुगेको छ । त्यस्तै, सुर्खेतको वीरेन्द्रनगरमा ३८.२, दाङको घोराहीमा ३६.७, भैरहवामा ३८.५ र सिमरामा ३४.२ डिग्री सेल्सियस मापन भएको छ । तराई क्षेत्रमा गर्मी बढिरहेका बेला बुधबार भने देशका विभिन्न जिल्लामा भारी वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार देशमा बुधबार पश्चिमी वायु, स्थानीय वायु तथा नेपालको पूर्वी भूभाग नजिक रहेको न्यून चापीय क्षेत्रको प्रभावका कारण केही जिल्लामा भारी वर्षा भएको छ । विभागका अनुसार पछिल्ला २४ घण्टामा संखुवासभाको तुम्लिङटारमा ९५ मिलिमिटर, सुनसरीको चतरामा ८३ दशमलव चार मिलिमिटर वर्षा भएको छ । यस्तै मकवानपुरमा ६७ दशमलव चार, तनहुँमा ६२, पर्वतमा ५० दशमलव चार मिलिमिटर वर्षा भएको छ । बुधबार यी सबै क्षेत्रमा भारी वर्षा भएको हो ।

यस्तै, मंगलबार राति हुम्लामा भएको वर्षाले ठूलो भौतिक क्षति पुर्‍याएको हो । विभागले सुनसुरी, संखुवासभा, सिन्धुपाल्चोक, पाल्पा र सोलुखुम्बुका केही क्षेत्रमा पानी परिरहेको जानकारी दिएको छ । यस्तै तराई क्षेत्रमा भने तामक्रम बढेको छ । बुधबार धनगढी, दिपायल र नेपालगञ्जमा ४० डिग्रीभन्दा माथि तापक्रम रहेको तथा काठमाडौंमा पनि अधिकतम तामक्रम २८ दशमलव चार डिग्री पुगेको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थले बिहीबार कोशी प्रदेशलगायत, बागमती र गण्डकी प्रदेशको हिमाली र पहाडी भूभागमा साधारणतया बादल लाग्ने जनाएको छ ।

मधेस प्रदेशलगायत बागमती र गण्डकी प्रदेशको तराई भू-भाग र बाँकी प्रदेशका हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्नेछ र बाँकी तराई भू-भागमा मुख्यतया सफा रहनेछ भने कोशी प्रदेशलगायत बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भागको थोरै स्थानहरूमा, मधेस प्रदेश तथा लुम्बिनी र कर्णाली प्रदेशको हिमाली र पहाडी भू-भागका साथै बागमती र गण्डकी प्रदेशका तराई भू-भागका एक-दुई स्थानहरूमा मध्यमसम्म वर्षा र हिमपातको सम्भावना रहेको छ । सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पहाडी तथा तराई भू-भागमा तातो दिन हुने सम्भावना रहेको विभागले बुधबार साँझ जारी गरेको बुलेटिनमा उल्लेख छ ।

# कार्यदलसँगको छलफलमा के- के भने दलका नेताहरूले ?

**काठमाडौं ।** संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक एवं प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहले संविधान संशोधनलाई राष्ट्रिय बहस र सहमतिका आधारमा अघि बढाइने स्पष्ट पारेका छन् । विभिन्न राजनीतिक दलका नेताहरूसँग संविधान संशोधन बहसपत्र तयारीका विषयमा सुझाव संकलन गर्ने क्रममा संयोजक शाहले सरकारले राष्ट्रिय सहमतिमा सबै राजनीतिक दलहरूलाई समेटेर साझा बिन्दु पहिल्याउनेमा सरकारको जोड रहेको दावी गरेका हुन् ।

बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा आयोजित कार्यदलको छलफलमा संयोजक शाहले संविधान जारी हुँदाको राजनीतिक संघर्ष, जनआन्दोलन, मधेस आन्दोलन र सहिदहरूको बलिदानलाई स्मरण गर्दै संविधानका संवेदनशील पक्षमा सरकार गम्भीर रहेको बताए । कार्यदलले विभिन्न विषयमा साझा सहमति कहाँ सम्भव छ तथा कहाँ मतभेद छन् भन्ने पहिचान गर्ने काम गरिरहेको बताए । उनका अनुसार बहसपत्र तयार भएपछि त्यसलाई राष्ट्रिय बहसका लागि सार्वजनिक गरिने जिकिर गरे । 'सरकारलाई यो प्रक्रियामा कुनै हतारो छैन । राष्ट्रिय सहमतिविना संविधान संशोधनको गुञ्जायस हुँदैन भन्ने कुरामा सरकार पूर्ण सजग छ' उनको भनाइ थियो 'कुन विषयमा संशोधन गर्ने, कुन कुरामा हात हाल्ने र कुनमा नहाल्ने भन्नेबारे राजनीतिक दल र शक्तिको साझा धारणा बुझ्न यो प्रक्रिया सुरु गरिएको हो ।'

सो छलफलमा सहभागी विभिन्न राजनीतिक दलका नेताहरूले शासकीयस्वरूप, निर्वाचन प्रणाली र प्रदेशको संरचनामा आ-आफ्नो सुझाव प्रस्तुत गरेका छन् । छलफलमा सहभागी प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले संविधानका मूलभूत विषय र प्रस्तावना चलाउन नहुने धारणा राखेका थिए । संविधानलाई गतिशील दस्तावेजको संज्ञा दिँदै उनले गणतन्त्र, संघीयता, समावेशिता र राष्ट्रिय सार्वभौमिकताजस्ता मूलभूत उपलब्धिमा हस्तक्षेप नगर्न सुझाव दिए । संविधानलाई सर्वसाधारणले सहजै बुझ्नसक्ने गरी सरलीकृत गर्नुपर्नेमा नेता विश्वकर्माले जोड दिए । उनले संघ र प्रदेशमा जनप्रतिनिधि तथा मन्त्रीहरूको संख्या धेरै भएकाले त्यसलाई घटाउन सकिने र प्रत्यक्ष निर्वाचन प्रणालीभित्रै समावेशिता सन्तुलन गर्न सकिने विकल्प समेत प्रस्तुत गरे । नेता विश्वकर्माले प्रत्यक्ष निर्वाचन प्रणालीभित्रै समावेशिता सुनिश्चित गर्न तथा बहुप्रतिनिधिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने धारणा राखे ।

नेकपा (एमाले) का केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य कृष्णभक्त पोखरेलले संशोधनका क्रममा संविधानको मूल आधारस्तम्भ भत्किन नहुने धारणा राखे । उनले राष्ट्रियसभाको सदस्य संख्या घटाउन, उपराष्ट्रपतिलाई नै राष्ट्रियसभाको अध्यक्षको जिम्मेवारी दिने प्रणाली अपनाउन र प्रदेशमा बढीमा पाँचदेखि सात जना मात्र मन्त्री राख्ने व्यवस्था गर्न जोड दिए । गैरआवासीय नेपालीलाई राजनीतिकबाहेकका अधिकार दिन नहिचकिचाउनुपर्ने उनको भनाइ थियो । नेपाली कम्युनिस्ट पार्टीका नेता माधव सापकोटाले पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्नेमा जोड दिए । उनले पनि उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउनुपर्ने र विज्ञबाट मन्त्री चयन गर्ने व्यवस्था उपयुक्त हुने उल्लेख गरे । राष्ट्रप्रमुखलाई स्वेच्छाचारी बन्न नदिन महाभियोग र नियन्त्रण सन्तुलनका संयन्त्र स्पष्ट हुनुपर्ने नेता सापकोटाको भनाइ थियो । उनले प्रदेशसभाको सट्टा गाउँपालिका तथा नगरपालिकाका प्रमुखलाई प्रदेशसभाको भूमिकामा राख्न सकिने प्रस्ताव समेत अघि सारे ।

सोही छलफलमा सहभागी जनमत पार्टीका अध्यक्ष डा सिके राउतले संविधान संशोधनमार्फत गणतन्त्रलाई थप मजबुत बनाउनुपर्ने जिकिर गर्दै आमूल संरचनात्मक सुधारको प्रस्ताव अघि सारे । उनले शासकीय स्वरूप परिवर्तन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रत्यक्ष निर्वाचित नै प्रदेश प्रमुखको व्यवस्था हुनुपर्नेमा जोड दिए । संवैधानिक निकायका प्रमुख पनि निर्वाचित हुनुपर्ने र खर्चिलो निर्वाचन प्रणाली बदल्नुका साथै 'राइट टु रिजेक्ट' (अस्वीकार गर्ने अधिकार) र 'राइट टु रिकल' (प्रतिनिधि फिर्ता बोलाउने अधिकार) लाई संविधानमै ग्यारेन्टी गरिनुपर्ने उनको सुझाव थियो । विज्ञहरूबाट मन्त्री बनाइनुपर्ने, सांसदहरूमा ह्विप लाग्न नहुने र सर्वोच्च अदालतका न्यायाधीश समेत निर्वाचित हुनुपर्ने राउतको तर्क थियो । आर्थिक नीतिमा समाजवादोन्मुख शब्दले निजी क्षेत्र हतोत्साहित भएको भन्दै उनले त्यसको सट्टा सामाजिक लोकतन्त्र राख्न र तराई-मधेसमा जनसंख्याका आधारमा निर्वाचन क्षेत्र पुनर्निर्धारण गर्न उनले सुझाव दिए । प्रदेशलाई विशिष्ट अधिकारसहित पूर्ण स्वायत्तता दिनुपर्नेमा उनले जोड थियो ।

पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले विगतका सात संविधानका सबल र दुर्बल पक्षको पूर्वाग्रहरहित समीक्षा गरेर मात्र दीर्घकालीन संविधान संशोधनको मार्गचित्र कोर्नुपर्ने सुझाव दिए । उनले हतारमा निर्णय गर्दा संविधान निर्जिव बन्ने खतरा औंल्याउँदै वर्तमान सरकारलाई राजनीतिक हतारो नभएकाले ऐतिहासिक रूपमा परिपक्व काम गर्न आग्रह गरे । छलफलका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले संविधान संशोधनका लागि अहिले उपयुक्त समय भएको भन्दै आम नागरिकका विचार समेटेर छिटो अघि बढ्नुपर्नेमा जोड दिए । सबै राजनीतिक दलहरू आन्तरिक तयारी र आपसी संवादमा जुटिसकेकाले अब संविधान संशोधनको विषय चाँडै अगाडि बढ्नु सकारात्मक भएको उनको धारणा थियो । वर्षौंदेखि अड्किएका कानुनी र संवैधानिक गाँठोहरू फुकाउन सबै दल यसरी एकै ठाउँमा आउनु तथा सरकारले चालेका कदममा सकारात्मक हुनु देशको राजनीतिक निकासका लागि उत्साहजनक र स्वागतयोग्य संकेत भएको मुख्य सचेतक बुर्लाकोटीको भनाइ थियो ।

छलफमा सहभागी राष्ट्रिय मुक्ति पार्टी नेपालका केशवकुमार झाले वर्तमान संविधानमा नेपालको मौलिकपन, दर्शन र संस्कृति गायब भएको टिप्पणी गर्दै यसमा व्यापक परिमार्जनको आवश्यकतातर्फ औंल्याएका थिए । उनले प्रदेशअन्तर्गत स्थानीय तह रहनुपर्ने साथै स्थानीय तह दलविहीन हुनुपर्ने सुझाव राखे । संविधानमा व्यापक परिवर्तनको आवश्यकता औंल्याउँदै उनले प्रस्तावनामै हालसम्मका सम्पूर्ण लोकतान्त्रिक आन्दोलन उल्लेख गर्न सुझाव दिए । पूर्वमन्त्री कल्पना धमलाले मौलिक हकको कार्यान्वयन र आमाका नामबाट रूपमा सहज नागरिकता पाउने व्यावहारिक प्रबन्ध गर्नुपर्नेमा जोड दिँदै समानुपातिक समावेशी कोटामा एक पटकभन्दा बढी दोहोरिन नपाउने व्यवस्था गर्नुपर्ने सुझाव दिइन् । नेपाली कांग्रेसका नेता तथा संविधानसभा सदस्य दीपक कुइँकेलले संसद र मन्त्रीको संख्या घटाउने कुरामा जोड दिए ।




# क्रान्तिकारी भूमिसुधार...

एकाधिकारवापत किसानहरूसंग लगान वसुल्दैन । तसर्थ यो लगानको अन्त्य हुन्छ । फलस्वरूप, किसानहरूलाई राहत प्राप्त हुन्छ । अर्को विभेदीकृत लगान दुई किसिमको हुन्छः विभेदीकृत लगान पहिलो र विभेदिकृत लगान दोस्रो । संक्षेपमा भन्नु पर्दा व्यावसायिक पुँजीवादी खेतीमा भूमिको सीमितता तथा उर्वरताशक्तिको विविधताका साथै लगानीको क्षमताको कारण पनि विभेदीकृत लगान उत्पन हुन्छ । कृषि उब्जनीको उत्पादनको मूल्य उर्वर भूमिले होइन, निम्नकोटीको भूमिले निर्धारण गर्दछ । किनभने उर्वर भूमिको उत्पादनले मात्र माग पूर्ति हुन सक्दैन । त्यसैले विभेदीकरण लगान भनेको उत्पादनको कुनै खास मूल्य र उत्पादनको उच्च मूल्य वीचको अन्तर हो । मार्क्सका अनुसार उत्पादनको मूल्य भन्नाले वस्तुको उत्पादन तथा मुनाफको औसत दरको योग हो । पुँजीवादी उत्पादनमा भूमिमा निजी स्वामित्व हुँदा पुँजीको प्रतिस्पर्धाको कारण किसानहरु मुनाफको औसत दरमै जीवन धान्न बाध्य हुन्छन् । विभेदीकरण लगानको भूमिको स्वामित्वको स्वरूपसँग कुनै सम्बन्ध हुँदैन । पुँजीवादी व्यवस्था हुँदासम्म यो लगान रही नै रहन्छ (मार्क्स १८९४; पटनायक २००७; घोष १९८५; सीन्गेडउ २०१२)।

भूमि निजी स्वामित्व अन्तर्गत हुँदा किसानलाई दुई किसिमको लगान–निरपेक्ष र विभेदीकृत–व्यक्तिलाई तिर्नु पर्दछ । तर भूमिको रास्ट्रियकरण हुँदा किसानले एउटामात्र विभेदीकृत लगान सहुलीयत दरमा करको रूपमा राज्यलाई तिरे पुग्छ । यसकारण क्रान्तिकारी भूमिसुधार अन्तर्गत भूमिको रास्ट्रियकरणको मार्क्सवादी लगान सिद्धान्त अनुसार ठूलो महत्त्व छ । लेनिनले अक्टुबर क्रान्ति पश्चात भूमिको रास्ट्रियकरण गरेर मार्क्सवादी सिद्धान्तको प्रस्थापना तथा आर्थिक सिद्धान्तको क्रान्तिकारी प्रयोग गर्नु भयो (रोचेस्टर १९४२, पृ. ६९–७१) ।

**निष्कर्ष**

भूमिसुधारका मुख्य दुई पाटो–भूमिमाथिको अधिकार र कृषि प्रणालीको विकास–हरूमा पहिलोले नै महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । भूमिमाथि कस्को र कस्तो किसिमको अधिकार हुन्छ, त्यसले नै कृषि प्रणालीको रूप पनि निर्धारण गर्दछ । मार्क्सवादीहरु बीच चलेका बैचारिक बहसहरूले यो कुराको पुस्टि गर्दछ । भूमिमाथिको कस्को र कस्तो किसिमको अधिकार भन्ने कुरा 'आधार' हो भने कृषि प्रणाली त्यसको 'उपरी संरचना' । यसमा लगान सम्बन्धि मार्क्सवादी आर्थिक सिद्धान्तको विशेष महत्त्व छ । यो सिद्धान्तलाई नजर अन्दाज गरेर भूमिसुधारको कुरा गर्नु माथि भनिए झैं *'जङ्कर' अर्थतन्त्र* (Junker economy) को पक्षपोषण गर्नु हुनेछ । तसर्थ क्रान्तिकारी भूमिसुधारले पहिलोलाई महत्त्व दिन्छ जसले सामन्ति तथा प्राक्-पुँजीवादी समाजको समाजवादी रूपान्तरणको लागि समाजमा रहेका सीमान्तकृत वर्गहरू–मजदुर, किसान, दलित, आदि–लाई चालक शक्तिको रूपमा विकास गरी अघि बढ्छ । भूमिसुधारमा भूमिअधिकारको कुरा नगरेर मात्र 'कृषि प्रणालीको विकास'को लागि भन्दै मल, बीऊ, सिंचाई, कृषि ऋण, भूमि बैंक, आदिको मात्र कुरा गर्नुले वर्तमान भूमण्डलीकृत साम्राज्यवादको विभिन्न रूपहरु रहेको अहिलेको अवस्थामा पुराने *'जङ्कर' अर्थतन्त्र* लाई नयाँ जामा पहिराई रहेको हुन्छ ।

*कम्युनिस्ट घोषणापत्र* (१८४८) ले जर्मनी सर्वहारा क्रान्ति पूर्वको पुँजीवादी क्रान्तिको संघारमा उभिएको र त्यो पुँजीवादी क्रान्ति सत्रौं शताब्दीको इंगलैण्ड र १८ औं शताब्दीको फ्रान्सको भन्दा अघि बढेका सर्वहाराको साथमा सम्पन्न हुनेछ भनेको (पृ.७६) ४२ वर्षपछि सन् १८९० मा एंगेल्सले जर्मन संस्करणको भूमिका लेखिरहँदासम्म (उही, पृ.१६–२३) र जर्मनी सामाजिक–जनवादी पार्टी (SPD) राजनीतिक विकासको उच्च चरणमा पुगेर पनि आफ्नै सुधारवादी नीतिका कारण समाजवादी क्रान्ति सफल नभएको भएको अवस्थामा विसौं शताब्दी भर्खरै किशोरावस्था (teen-age) को उत्तरार्ध तर्फ पुग्दा नपुग्दै उद्योगको तुलनामा कृषिको अधिपत्य रहेको, पश्चिम युरोपभन्दा पिछडिएको तथा फरक परिस्थिति भएको देशमा मार्क्स र एंगेल्सको सिद्धान्त तथा ऐतिहासिक व्याख्याबाट अत्यन्त प्रभावित भई लेनिनले पहिलो सफल क्रान्ति सम्पन्न गर्नु भयो र त्यसको दृढतापूर्वक नेतृत्व गर्नुभयो । यो क्रान्तिले आजसम्मको भोगी आएको मानव सभ्यताको इतिहासको गोरेटो नै मोडिदियो । इतिहासमाथि भएको यो व्यङ्ग (irony) लाई आधार बनाउँदै कसै कसैले लेनिनलाई व्यवहारमा आफ्नै गुरूको सिद्धान्त बंग्याएको र मार्क्सलाई नै गैर–मार्क्सवादी बनाएको आरोप पनि लगाउँने गरेका छन् (हाम्मेन, १९७२) ।

भूमिको उत्पादकत्वले समाजको श्रम निर्धारण गर्ने, भूमिको चरित्रले मानिसको भौतिक तथा बौद्धिक चरित्र निर्धारण हुने र उद्योग र कृषिको सम्बन्ध जे–जस्तो भए पनि मानव अस्तित्त्वको लागि भूमि सदा आधार हुने (काउत्स्की १८९९, पृ. ३११) कुरा बुझेका लेनिनले कृषि प्रधान मूलुकमा हुने क्रान्तिमा भूमि कतिको महत्त्वको हुन्छ भन्ने कुरा प्रमाणित गरिदिनु भयो । र, यसै क्रान्तिमा *'जसको जोत, उसको पोत'* तथा *'भूमिको रास्ट्रियकारण'* जस्ता भूमिसुधारका क्रान्तिकारी अस्त्रहरूको महत्त्व देखाइदिनु भयो । यसले गर्दा उपनिवेशवाद विरोधी रास्ट्रिय स्वतन्त्रता तथा निरंकुशता विरोधी एशियाली क्रान्तिमा लेनिन पनि सुनिन थाले (म्याकरास र नाइट १९८६, पृ.३७७)। सन् १९०५ को पहिलो असफल रूसी क्रान्तिदेखि सन् १९१७ को सफल महान् अक्टुबर क्रान्ति हुँदै १९४९ को चिनियाँ नौलो जनवादी क्रान्ति बीचको मात्र पैतालीस वर्षको अवधिमा कृषि कार्यक्रमको क्रान्तिकारी पुनर्व्याख्याले विश्वको घना आवादी भएका दुई ठूला देशहरूको इतिहासमात्र होइन; अनि विश्वको राजनीतिक, आर्थिक, र सामाजिक इतिहासमात्र पनि होइन, विश्वको भूगोलको साथै शोषितपीडित जनताको भविष्य नै फेरि दियो (पटनायक २०११) । "एकातिर नागरिक अधिकार लिइ छोड्छौं" भन्ने वाक्यबाट शुरु भएको नेपाल कम्युनिस्ट पार्टी स्थापना (२२ अप्रिल १९४९) पछिको पहिलो पर्चामा सोभियत युनियन र चिनियाँ क्रान्तिका विजयका कुराहरु सुनिन थालियो, 'उचित अधिया बालीको लडाईं जिन्दावाद'को नारा गुन्जिन थालियो (एनेकपा–मा) २०१३, पृ. अ–इ) ।

त्यसैगरी, नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र (१५ सेप्टेम्बर १९४९) यसको सिरानमा लेखिएको नारा–"पहाड पर्वत खोलानाला जग्गा जमिन सबको, मालिक हामी दास बनौं किन हिस्सा सबका सबको !"– बाट शुरु भएकोमा 'नेपालका श्रमजीवी किसानहरु हो !' भनी सम्बोधन गर्दै उनीहरूसंग सम्बन्धित ६ वटा मागहरु राखिएका थिए (उही, पृ.इ,ए) । घोषणापत्रको सिरानमा लेखिएको नाराले जनताको सार्वभौमिक स्वतन्त्रताको माग गर्दछ भने किसानहरूलाई सम्बोधन गरिएको पहिलो र दोस्रो मागहरु क्रमशः "जमिन जोत्नेलाई देऊ !" र "खेत मजदुरहरूमा प्रतिजग्गा वितरण गर !"ले भूमि अधिकार, तेस्रो र चौथोले ज्यालामजदुरी र पाँचौं र छैठौं मागले राजनीतिक स्वतन्त्रताको वकालत गर्दछ । त्यो वास्तवमा माथि वर्णन गरिए झैं क्रान्तिकारी भूमिसुधारको माग थियो । विगत सात दशकमा नेपाली राजनीतिले विभिन्न कालखण्ड पारगर्दै आज नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को झण्डै दुई तिहाईको सरकार हुँदा त्यो मागको अवस्था अहिले कस्तो छ त ? एउटा गम्भीर बहसको विषय भएको छ । यसै सन्दर्भमा क्रान्तिकारी भूमिसुधारको सन्दर्भमा मार्क्सको यो भनाई अहिले पनि उत्तिकै र एकदमै महत्त्वपूर्ण एवं सान्दर्भिक छ, जुन उनले 'भूमिको रास्ट्रियकरण'को सन्दर्भमा आजभन्दा झण्डै डेढशताब्दी अघि भनेका थिए –*"भूस्वामित्व सम्पूर्ण सम्पदाको मूल स्रोत हो, र यो एउटा यस्तो विशाल समस्या भएको छ जसको समाधानमा श्रमजिवी वर्गको भविष्य निहित हुन्छ ।"*

**सन्दर्भ सामग्रीहरूः**


Akram-Lodhi, *The Agrarian Question in The Web of Life: World-ecology and The Conjuncture*, Retrieved from https://worldecologynetwork.files.wordpress.com/2016/04/akram-lodhi-the-agrarian-question-in-the-web-of-life-2016.pdf

Alavi, Hamza and Teodor Shanin (1988), "Introduction to English Edition: Peasantry and Capitalism", in Karl Kautsky (1899), *The Agrarian Question*, Two volumes, Translated by Pete Burgess, with an Introduction by Hamza Alavi and Teodor Shanin, London: Zwan Publications, reprinted1988

Banaji, Jairus (1990), "Illusions About the Pesantry: Karl Kautsky and the Agrarian Question", The Journal of Pesant Studies, 17(2): 288-307, Retrieved from http://dx.doi.org/10.1080/03066159008438422

Basnet Commission (B.S. 2067), *Baigyanik Bhumisudhar Sambandhi Uchchastaria Aayogako Prativedan* (Scientific Land Reform Related High Level Commission's Report), Kathmandu: Nepal Goverment

Bernstein, Henry (2006), "Is There an Agrarian Question in the 21st Century?", *Canadian Journal of Development Studies*, 27(4): 449-460.

Byres, Terence J. (1996), *Capitalism from Above and Capitalism from Below*, New York: Palgrave Macmillan.

Carr, Edward Hallet (1950), *A History of Soviet Russian: The Bolshevik Revolution 1917-1923* (Vol. I), New York, London: W.W. Norton, reprinted 1985.

Carr, Edward Hallet (1952), *A History of Soviet Russian: The Bolshevik Revolution 1917-1923* (Vol. II), New York, London: W.W. Norton, reprinted 1985.

CPSU (Ed.) (1943), *Soviet Sangh Ki Communist Party (Bolshevik) Ka Itihas,* in Hindi Translated by Ramvilash Sharma of *History of the Communist Party of the Soviet Union (Bolshevik),* Luckhnow: Rahul Foundation, reprinted 2008.

CPSU (Ed.) (1943), *Soviet Sangh Ki Communist Party (Bolshevik) Ka Itihas,* in Hindi Translated by Ramvilash Sharma of *History of the Communist Party of the Soviet Union (Bolshevik),* Luckhnow: Rahul Foundation, reprinted 2008.

CPSU (Ed.) (1943), *Soviet Sangh Ki Communist Party (Bolshevik) Ka Itihas,* in Hindi Translated by Ramvilash Sharma of *History of the Communist Party of the Soviet Union (Bolshevik),* Luckhnow: Rahul Foundation, reprinted 2008.

Engels, Frederick (1844), *The Condition of the Working Class in England in 1844,* London: Wordsworth Editions, reprinted 2008

Engels, Frederick (1850), *Germanime Kisaan Yuddha*, in Hindi Translated by Arun Kumar of *The Peasant War in Germany,* New Delhi: Prakashan Sansthan, reprinted 2018.

Engels, Frederick (1872), *Aawaash kaa Prashna,*in Hindi Translated by Naresh 'Nadeem' of *The Housing Question,* New Delhi: Prakashan Sansthan, reprinted 2008.

Engels, Frederick (1894), *The Peasant Question in France and Germany, Retrieved from* https://www.marxists.org/archive/marx/works/1894/peasant-question/index.htm

Ghosh, Jayati (1985), "Differential and Absolute Land Rent", *Journal of Peasant Studies*, 13(1): 67-82, Retrieved from https://doi.org/10.1080/03066158508438283

Griffin, kheith, Azizur Rahman Khan and Amy Ickowitz (2002), "Poverty and Distribution of Land", in Ramchandran, V.K. and Madhura Swaminathan (Eds.), *Agrarian Studies: Essays on Agrarian Relations in Less-Developed Countries,* New Delhi: Tulika Books.

Hammen, Oscar J. (1972), "Marx and the Agrarian Question", *The American Historical Review*, 77(3): 679-704, Retrieved from http://www.jstor.org/stable/1870346

Hilton, Rodney (Ed.) (1976), *The Transition from Feudalism to Capitalism*, Delhi: Aakar Books, reprinted 2009.

Hussain, Arthar and Keith Tribe (1983), *Marxism and The Agrarian Question* (2nd ed.), London: Macmillan Press.

Jain, S.C. (1985), *Nepal The Land Question*, Indore: Developoment Publishers.

Jha, Praveen K. (2002), *Land Reform in India* (Vol. 7), New Delhi: Sage Publications

Kautsky, Karl (1899), *The Agrarian Question*, Two volumes, Translated by Pete Burgess, with an Introduction by Hamza Alavi and Teodor Shanin, London: Zwan Publications, reprinted1988.

Kozlov, G.A. (Ed.) (1977), *Political Economy: Capitalism*, Moscow: Progress Publishers.

Lenin, V.I. (1899), *The Development of Capitalism in Russia*, Moscow: Progress Publishers, reprinted 1977.

Lenin, V.I. (1903), *Gaon Ke Garibon Sehe*, in Hindi Translation of *To The Rural Poor*, Luckhnow: Rahul Foundation, reprinted 2005.

Lenin, V.I. (1917 April), *The Tasks of the Proletariat in the Present Revolution* [a.k.a *The April Theses*], Retrieved from https://www.marxists.org/archive/lenin/works/1917/apr/04.htm

Lenin, V.I. (1917 October), *Report on Land*, October 26 (November 8), Retrieved from https://www.marxists.org/archive/lenin/works/1917/oct/25-26/26d.htm

Lerche, Jens, Alpha Shal and Barbara Harriss-White (2013), "Introduction: Agrarian Questions and Left Politics in India", *Journal of Agrarian Change*, 13(3): 337-350, Retrieved from https://doi.org/10.1111/joac.12031

Levien, Michael, Michael Watts and Yan Hairong (2018), "Agrarian Marxism", *The Journal of Peasant Studies*, 45(5-6): 853-883, Retrieved from DOI: 10.1080/03066150.2018.1534101

Lipton, Michael (2009), *Land Reform in Developing Countries*, New York: Routeledge.

Mackerras, Colin and Nick Knight (Eds.) (1986), *Marxism in Asia*, New Delhi: Selectbook.

Marx, Karl (1852), *The Eighteenth Brumaire of Louis Bonapart*, Moscow: Progress Publishers, reprinted 1977.

Marx, Karl (1867), *Capital* (Vol. I), Moscow: Progress Publishers, reprinted 1984.

Marx, Karl (1872), "On the Nationalisation of the Land", in Karl Marx Frederick Engels Collected Works Volume 23, Moscow: Progress Publishers, reprinted 1988.

Marx, Karl (1894), *Capital* (Vol. III), Moscow: Progress Publishers, reprinted 1984.

Marx, Karl and Frederick Engels (1848), *Manifesto of the Communist Party,* Peking: Foreign Language Press, reprinted 1975.

Patnaik, Utsa (2001), "The Agrarian Question and Development of Capitalism in India", in Thorner, Alice (Ed.), *Daniel Thorner Memorial Lectures: Land, Labour & Right*, New Delhi: Tulika Books.

Patnaik, Utsa (Ed.) (2007), *The Agrarian Question in Marx and his Successors* (Vol. I), New Delhi: LeftWord.

Patnaik, Utsa (Ed.) (2011), *The Agrarian Question in Marx and his Successors* (Vol. II), New Delhi: LeftWord.

Pimentel, David and Marcia H. Pimentel (2008), *Food, Energy and Society* (3rd ed.), Boca Raton, FL: CRC Press.

Rochester, Anna (1942), *Lenin on the Agrarian Question*, Delhi: Aakar Books, reprinted 2018.

Sen, Asok (1984). "The Transition from Feudalism to Capitalism", *Economic and Political Weekly*,19(30):PE50-PE55+PE67-PE66,Retrievedfrom: http://www.jstor.org/stable/4373466

Shanin, Teodor (Ed.) (1983), *Late Marx and the Russian Road*, Delhi: Aakar Books, reprinted 2009.

Smith, Adam (1776), *The Wealth of Nations*, New York: Bantam Dell, reprinted 2003.

Sweezy, Paul M. (1942), *The Theory of Capitalist Development*. Kolkata, India: K P Bagchi & Company, reprinted 2002.

Swyngedouw, Erik (2012), "Rent and Landed Property", in Fine, Bene, Alfredo Saad-Filho and Marco Boffo (Eds.), *The Elgar Campanion to Marxist Economics*, Northampton: Edward Elgar.

Thorner, Daniel, Basile Kerblay and R.E.F. Smith (Eds.) (1966), *A.V. Chayanov on The Theory of Peasant Economy*, Illinois: The American Economic Association.

Trapeznikov, S.P. (1976), *Lenin's Agrarian Programmes for the Three Russian Revolution, Vol. I* (Translated in English from the Russian), Moscow: Progress Publishers, Reprint in 1981.

UCPN (M) (2013), *Historical Documents of Nepalese Communist Movement and People's Revolution* (Vol. I), Kathamandu: Author.

# नीलो स्कार्फ बाँधेर संसद छिरेको विगत सम्झन सभामुखलाई सुझाव

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सभामुखकै गतिविधिमाथि प्रश्न गरेको छ। विगतमा आफू रास्वपाको सांसद हुँदा निलो स्कार्फ बाँधेर संसदको बेल घेराउ गरेको सम्झना दिलाएको छ।

विगतमा रास्वपाले निलो स्कार्फ बाँधेर संसदको वेल घेराउ गरेको स्मरण गराउँदै अहिले श्रम संस्कृति पार्टीलाई मात्रै त्यो आरोप लगाउनु गलत हुने कांग्रेसका सचेतक निश्कल राईले बताएका हुन्।

प्रतिनिधिसभाको बिहीबारको आकस्मिक बैठकमा बोल्दै कांग्रेस सचेतक राईले श्रम संस्कृति पार्टीलाई मात्रै त्यो आरोप लगाउनु गलत हुने बताए। उनले विगतमा रास्वपाले पनि गल्ती गरेको र अहिले पनि गलत भइरहेको तर्क गरेका छन्।

# पश्चिमी र स्थानीय वायुको प्रभाव

**काठमाडौं ।** अहिले नेपालमा पश्चिमी वायु र स्थानीय वायुको प्रभावले देशको पहाडी र हिमाली भूभागमा बिहीबार बादल लागेको छ भने बाँकी तराई भूभागमा मौसम मुख्यतया सफा रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ।

पश्चिमी वायु र स्थानीय वायुको प्रभावले बुधबार केही जिल्लामा भारी वर्षा भएको पनि महाशाखाले जनाएको हो। बिहीबार दिउँसो कोशीलगायत, बागमती र गण्डकी प्रदेशको हिमाली र पहाडी भूभागमा साधारणतया बादल लाग्नेछ। साथै मधेस प्रदेशलगायत बागमती र गण्डकी प्रदेशको तराई भू-भाग र बाँकी प्रदेशका हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्ने र बाँकी तराई भू-भागमा मुख्यतया सफा रहनेछ। महाशाखाका अनुसार कोशीलगायत बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भागको थोरै स्थानहरूमा, मधेस प्रदेश तथा लुम्बिनी र कर्णाली प्रदेशको हिमाली र पहाडी भू-भागका साथै बागमती र गण्डकी प्रदेशका तराई भू-भागका एकदुई स्थानहरूमा मध्यमसम्म वर्षा र हिमपातको सम्भावना रहेको छ।

सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पहाडी तथा तराई भू-भागमा तातो दिन हुने सम्भावना रहेको महाशाखाले जनाएको छ। बिहीबार राति कोशी, बागमती र गण्डकी प्रदेशको हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ भने मधेसलगायत बागमती र गण्डकी प्रदेशको तराई तथा बाँकी प्रदेशका हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्ने र बाँकी तराई भू-भागमा मुख्यतया सफा रहनेछ। कोशी, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा, मधेस प्रदेशको एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ।

# 'वाम-डेमोक्रेट' गठबन्धनको गृहकार्य

**काठमाडौं ।** गत फागुन २१ को निर्वाचनबाट संसदमा खुम्चिएका प्रमुख राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच सहकार्य 'वाम-डेमोक्रेट' का गठबन्धन बनाउने गृहकार्यको थालनी भएको बुझिएको छ। वालेन्द्र शाह 'बालेन' को नेतृत्वको सरकारका कामकारबाही, संविधान र लोकतान्त्रिक गणतन्त्रको मर्म र भावनाविपरीत हुन थालेको भन्दै सरकार र नेपाली जनतालाई सजग र सतर्क गराउन जरुरी रहेको उनीहरूले जानकारी दिए।

देशको अवस्था झनै जटिल बन्दै गएको उल्लेख गर्दै उनले यो व्यवस्था ल्याउन योगदान गरेका दलहरूबीच सहकार्यको आवश्यकता महसुस गर्दै पुराना तीन दलले त्यसको गृहकार्य स्वरूप नेताहरूबीच लगातार संवाद र छलफल थालेका हुन्। तीन वटै दलका नेताहरू गठबन्धन निर्माणका लागि पहल भइरहेको स्वीकारेका छन्। कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरूबीच औपचारिक/अनौपचारिक भेटघाट र संवादका क्रममा सरकारका ज्यादतीविरुद्ध एक भएर जाने सैद्धान्तिक सहमति जुटे पनि व्यवहारिक रूपमा कसरी जाने भनेर ठोस निष्कर्षमा पुग्न बाँकी रहेको उनीहरूको भनाइ छ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले जेठ ४ गते बसेको एमाले सचिवालय बैठकमा कांग्रेस र नेकपाका शीर्ष नेताबीच यसबारे कुराकानी भइरहेको ब्रिफिङ गरेका थिए। 'अध्यक्षज्यूले यसबारेमा अस्तिको बैठकमा ब्रिफिङ गर्नुभएको छ' एमालेका सचिव भानुभक्त ढकालले जानकारी दिँदै भने 'पुनः छलफल गरेर निष्कर्षमा पुग्ने शीर्ष तहमा कुराकानी भएको बुझिएको छ।' उनका अनुसार सदन र सडकमा लोकतन्त्र र सरकारले गरेको ज्यादतीपूर्ण क्रियाकलापका विरुद्ध उकताबद्ध भएर अघि बढ्नुपर्छ भन्ने सैद्धान्तिक सहमतिको बोर्डरलाइन बनेको हो। 'सडक र सदनमा वाम-डेमोक्रेट' मिलेर जानु उपयुक्त हुन्छ भन्ने बुझाइ सबैको छ' उनको भनाइ थियो। उनले त्रिपक्षीय छलफल भएपछि मात्र व्यावहारिक कार्यक्रम बनेको पनि उनले बताए।

कांग्रेस र नेकपाको विश्वास जित्न प्रदेश सरकारको नेतृत्व परिवर्तन गर्न सकिने र सुदूरपश्चिममा नेकपालाई समेत सरकारमा सहभागी गराउने प्रस्ताव अघि बढाइएको समेत स्रोतले बताएको छ। पछिल्लो समय प्रदेशहरूमा कांग्रेस-एमाले गठबन्धनकै सरकार रहेको र उनीहरूले केही प्रदेशमा आलोपालो नेतृत्व गर्ने सहमति गरेका थिए सोही सहमतिअनुसार असारसम्म प्रदेश सरकारको नेतृत्व परिवर्तन गर्नुपर्नेछ। अहिले कोशी, लुम्बिनी र कर्णालीमा एमाले नेतृत्वमा सरकार छ भने बागमती, मधेस, सुदूरपश्चिम र गण्डकीमा कांग्रेसले सरकारको नेतृत्वमा गरिरहेको छ। त्यही अवस्थामा नेकपालाई सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व दिन सकिने एमालेको प्रस्ताव छ भने मधेसमा कांग्रेसकै नेतृत्वको सरकारमा एमाले सहभागी हुने ढंगले छलफल भइरहेको छ।

'सुदूरपश्चिममा नेकपा सबैभन्दा ठूलो दल भएको नाताले उसलाई सरकारको नेतृत्व दिन सकिन्छ भन्ने एमाले अध्यक्षको कुरा छ। यसमा कांग्रेसले केही भनिसकेको छैन' भन्दै एमालेका एक पदाधिकारीले तीनै दल मिलेर जाँदा तीन-तीन/एक गर्दा उपयुक्त नै हुने बताए।

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेल संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ लोकतन्त्रको पक्षमा रहेका शक्तिहरूसँग सहकार्य गर्न कांग्रेस खुला रहेको र सोबारे दलहरूबीच संवाद र छलफल हुनुलाई स्वाभाविक रूपमा लिनुपर्ने बताए। संविधान र गणतन्त्रको रक्षार्थ सहकार्य गर्न कुनै कठिनाइ छैन। त्यसका लागि हामी संविधान र व्यवस्थाका पक्षधर सबैसँग सहकार्य गर्दै अगाडि बढ्न तयार र खुला छौं' उनको भनाइ थियो 'प्रदेशका सवालमा पनि हामी अन्तर्विरोध र अस्थिर सरकारको पक्षमा छैनौं।'

यस्तै, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले त चैत १९ मा सुरु भएर वैशाख दोस्रो साता सम्पन्न संयोजन समिति बैठकबाटै लोकतन्त्रको रक्षा र संविधानको रक्षार्थ र लोकतान्त्रिक शक्तिसँग सहकार्यमार्फत गरेर अघि बढ्ने निर्णय गरिसकेको छ। नेकपाले आफ्नो निर्णयमा उल्लेख गरेको छ 'नेपालको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर तथा देशभक्त शक्तिहरू बीचमा राष्ट्रिय स्वाधीनता, लोकतन्त्रको रक्षा र सुदृढीकरणको उद्देश्यसहित साझा समझदारी कायम गर्दै सडक र सदन दुवै मोर्चाबाट सशक्त भूमिका निर्वाह गरिनेछ।' नेकपाका प्रवक्ता प्रकाश ज्वालाले नीतिगत रूपमै सहकार्य गर्ने पार्टीले निर्णय गरिसकेको जानकारी दिँदै सहकार्यको पनि पहल भइरहेको बताए। 'सरकारका कतिपय गतिविधि हेर्दा आन्दोलनका उपलब्धिलाई मास्ने, संविधान मिच्ने र न्यायालयमा राजनीतिक हस्तक्षेप भइरहेकाले संविधान र लोकतन्त्रका पक्षमा मात्र नभएर जनताका पक्षमा पनि छैन' प्रवक्ता ज्वालाले भने 'जनता महँगीको मारमा छन्, सुकुम्बासीको बीचल्ली छ। सुशासनको नारा दिने सरकारले आफैं अराजकता मच्चाइरहेको छ। सरकारको यो गलत क्रियाकलापको विरोध गर्छौं भनेर पार्टीले प्रस्ट रूपमा बोल्दै आएको छ।'

अहिले गणतन्त्र जोगाउने कुरा प्रमुख रूपमा आइसकेको भन्दै एमाले मधेस प्रदेश इन्चार्ज लीला श्रेष्ठले गणतन्त्र ल्याउन भूमिका खेलेका राजनीतिक शक्तिहरू सडक र सदनमा एकाकार भएर जानुपर्ने अवस्था देखिएकाले वार्ता र संवाद भइरहेको बताए। 'गणतन्त्र जोगाउने कुरा अहिले प्रमुख रूपमा आइसकेको छ' उनले भने 'राजा ल्याउने भित्री योजनाहरू भइरहेको भन्ने सुन्न थालिएको छ। संविधान र गणतन्त्र जोगाउन भूमिका खेल्दै बदलिएको परिवेशमा प्रदेशहरूमा सुशासन कायम गर्ने, आफूहरू पनि बदलिनुपर्छ र त्यसका लागि आवश्यक सहकार्य गर्ने हो।' त्यसका लागि अध्यक्ष ओलीले कांग्रेस सभापति गगन थापा, नेपा विश्वप्रकाश शर्मा र प्रचण्डसँग कुरा भइरहेको जानकारी दिँदै अगामी दिनमा त्रिपक्षीय कुरा गरेर सहकार्यको ठोस मोडल तय गरिने जानकारी समेत उनले दिए।

# सत्तापक्षकै सांसदहरू निरीह देखिए : नेता पुन

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का वर्षमान पुनले सत्तापक्ष दलका सांसदहरू निरीहजस्तो देखिएको टिप्पणी गरेका छन्। संसद भव सिंहदरबारमा बुधबार सञ्चारकर्मीसँग कुराकानी गर्दै नेता पुनले बजेट छलफलको प्रक्रियामा सरकारले जस्तो ल्याएको छ, त्यसलाई नै मान्नुपर्ने गरी सत्तापक्ष दलका सांसदहरू निरीहजस्तो देखिएको टिप्पणी गरेका हुन्।

'सत्ता पक्षका सांसदहरू निरीह जस्तो देखियो' नेता पुनले भने 'उहाँहरूले आफ्नो क्षेत्रका विषय उठाउन नसक्दा भोलि उहाँहारलाई नै अप्ठ्यारो हुन्छ। भोलि त उहाँहरूले आफ्नो निर्वाचन क्षेत्रमा गएर जवाफ दिनुपर्छ। जनताले त प्रश्न उठाउँछन्।'

ढिलै गरी संसदको अधिवेशन आह्वान भएका कारण बजेट केन्द्रीत छलफलहरू छिटो सकाउने बाध्यात्मक अवस्था सिर्जना भएको भन्दै नेता पुनले सरकारको नियत संसद छल्ने देखिएकाले आगामी दिनमाा यस्तो कमजोरी हुन नदिन आफूहरूले ध्यानाकर्षण गराएको समेत बताए। सरकारको नीति तथा कार्यक्रम कर्मकाण्डीयजस्तो देखिएको चर्चा गर्दै सञ्चारकर्मीसँग नेता पुनले त्यसभन्दा फरक बजेट ल्याउनुपर्ने धारणा राखेका थिए।

# 'सरकार संसदप्रति अनुत्तरदायी' भन्दै प्रधानमन्त्रीको राजीनामा माग

**काठमाडौं ।** श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई साम्पाङले सरकार र प्रधानमन्त्री संसदप्रति जवाफदेही नभएको भन्दै आपत्ति व्यक्त गरेका छन्। अध्यक्ष साम्पाङले प्रधानमन्त्री बालेन्द्र शाहको राजीनामा समेत माग गरे।

संघीय संसद प्रतिनिधिसभाको बिहीबार बसेको बैठक सुरु हुनेबित्तिकै विशेष समय लिएर आफ्ना धारणा राखेका प्रधानमन्त्री शाहले आफ्नो जिम्मेवारी अनुसार काम नगरेको बताए। आफूहरूले संसदमा पटक-पटक प्रश्न उठाउँदा समेत प्रधानमन्त्रीले जवाफ दिन संसदमा नआएर आफ्नो जिम्मेवारी पूरा गर्न नसक्ने बालेन पदमाा बसिरहन नहुने साम्पाङको तर्क थियो। 'यो देशमा संसद छ कि छैन' उनले प्रश्न गरे 'प्रधानमन्त्री संसदको सदस्य हो कि होइन? यदि आफ्नो कर्तव्य पूरा गर्न सक्नुहुन्न भने उहाँले मार्ग प्रशस्त गर्दा हुन्छ।' संसद नियमावलीको धारा १५ को २ अनुसार प्रधानमन्त्री शाहले संसदमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिनैपर्नेमा साम्पाङले जोड दिए। प्रधानमन्त्री संसदप्रति जवाफदेहि नहुँदा शंका गर्ने ठाउँ देखिएको साम्पाङको भनाइ थियो।

संसदमा प्रधानमन्त्री शाहको राजीनामा माग गरेका साम्पाङले एक प्रेस विज्ञप्ति जारी गर्दै वर्तमान सरकारले संसदीय मर्यादाको उल्लंघन गरेको र जनताको मतद्वारा निर्मित संसदलाई बेवास्ता गरेको आरोप लगाएका छन्। 'प्रधानमन्त्री, गृहमन्त्री र अन्य मन्त्रीहरू संसदमा उपस्थित नहुनु र उठेका प्रश्नहरूको जवाफ नदिनुले विधि सम्मत संसद चलिरहेको छैन भन्ने पुष्टि हुन्छ। यो प्रतिनिधिसभा सञ्चालन नियमावली १५(२) को बर्खिलाप हो' विज्ञप्तिमा उल्लेख गरिएको छ।

धेरै प्रयासपछि संसदमा उपस्थित भएका दुई जना मन्त्रीहरूले पनि अत्यन्तै सतही जवाफ दिएको र आफू लगायत श्रम संस्कृति पार्टीका सांसदहरूले थप प्रश्न सोध्न खोज्दा सभामुखले रोकेको भन्दै राईले असन्तुष्टि व्यक्त गरे। 'सदन भनेकै जनताका प्रश्नहरू सोध्ने र जनहितमा नियम कानुन बनाउने ठाउँ हो, तर प्रश्न सोध्न नदिनु आपत्तिजनक छ' विज्ञप्तिमा उल्लेख छ। उनले गत बैशाख २८ र २९ गते राखेका कुनै पनि प्रश्नको उत्तर सरकारले नदिएको दावी गर्दै उनले यस घटनालाई लोकतन्त्र र संसदीय अभ्यासको इतिहासमा कालोधब्बाको संज्ञा दिए। सभामुखको भूमिकाप्रति समेत प्रश्न गर्दै अध्यक्ष साम्पाङले भने 'प्रधानमन्त्रीलाई सदनमा ल्याउन नसक्ने सभामुखले प्रतिपक्ष दलका नेतालाई बारम्बार नियम घोकाइरहनु निन्दनीय र हास्यास्पद देखिन्छ। नियमभन्दा नियत ठूलो हुन्छ र त्यो नियत जनता र लोकतन्त्रको पक्षमा हुनुपर्छ।'

# सरकारविरुद्ध बुटवलमा सुकुम्बासीको विशाल प्रदर्शन

**काठमाडौं ।** सार्वजनिक जग्गा संरक्षणको नाममा सरकारले वर्षौंदेखि बसेको बस्तीमा वैकल्पिक व्यवस्था विना डोजर चलाएर आतंक सिर्जना गरेको भन्दै अव्यवस्थित बसोबासी तथा भूमिहीनले बुटवलमा विशाल प्रदर्शन गरेका छन्। नेपाल भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संघर्ष समिति रूपन्देहीको आयोजनामा प्रदर्शन भएको हो।

बुटवलको राजमार्ग चौराहाबाट सुरु भएको उक्त प्रदर्शन मिलनचोक, अस्पताललाइन हुँदै ट्राफिकचोक पुगेर सभामा परिणत भएको थियो। प्रदर्शनमा भूमिहीन र अव्यवस्थित बसोबासीको उल्लेख्य उपस्थिती रहेको थियो। भेलामा २२ बढी जिल्लाका सुकुमवासीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीहरूले सरकारविरुद्ध नाराबाजी गर्दै सभामा परिणत भएको थियो। प्रदर्शनपछिको सभालाई सम्बोधन गर्दै संघर्ष समितिका सल्लाहकार विरेन्द्र विकले सातै प्रदेशमा सरकारले बिना विकल्प गरिब सुकुमवासी तथा अव्यवस्थित बसोबासीका घरटहरामा डोजर चलाएर उठिबास लगाउने कार्य गरे देशै भरिका भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरू एक भएर सशक्त प्रतिबाद गर्ने चेतावनी दिए। सरकारले भरपर्दो वैकल्पिक व्यवस्थाको नगरी हतारोमा वस्तीमा डोजर आतंक मच्याएपछि देशभरका ११ लाख बढी परिवारका झन्डै ५५ लाख नागरिक प्रभावित भएको संघर्ष समितिका सल्लाहकार विरेन्द्र विकले बताए।

संघर्ष समितिका संयोजक खड्क बहादुर पौडेलले संघीय सरकारको निर्देशनमा रूपन्देहीमा सुकुमवासी र अव्यवस्थित बस्ती खाली गराउन लागिएका प्रति आपत्ति जनाउँदै उचित विकल्पबिना बस्ती खाली गराउने कार्य भए सशक्त प्रतिकार हुने बताएए। प्रदर्शनपछि आयोजित सभालाई सातै प्रदेशका भूमिहीन र अव्यवस्थित बसोबासी अगुवाले सम्बोधन गरेका थिए। सातै प्रदेशको प्रतिनिधित्व हुने गरी राष्ट्रिय स्तरको संघर्ष समिति गठन गरी त्यसले सरकार तथा प्रमुख दलहरूलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गर्ने संघर्ष समितिका सचिव रामचन्द्र भट्टराईले जानकारी दिए।

# पार्टी र नेता रक्षार्थ सतिसाल भएर उभिन मदन-आश्रित स्मृति दिवसमा बादलको आग्रह

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी एमालेका उपाध्यक्ष रामबहादुर थापाले देशी-विदेशी शक्तिहरू एमालेलाई सखाप पार्ने अभियानमा लागेको ठोकुवा गरेका छन्। एमाले र नेतृत्वलाई रक्षा गर्ने जिम्मेवारी आफूहरूको काँधमा आएको चर्चा गर्दै उपाध्यक्ष थापाले एमालेलाई ध्वस्त पार्ने, समाप्त पार्ने जो गम्भीर षड्यन्त्र भइरहेको विश्लेषण गरेका हुन्।

'हामी हाम्रो पार्टी, हाम्रो नेताको रक्षाको निम्ति सतिसाल झैं उभिनेछौं' उपाध्यक्ष थापाले भने 'यो संकल्प गर्न जरुरी छ। देशी-विदेशी शक्तिहरूले जबजको बारेमा जुन भ्रम सिर्जना गर्न सफल भए, हामी जबजको रक्षाको निम्ति, त्यसको विकासको निम्ति, दुश्मनले फैलाएका यी भ्रमहरूलाई चिर्न हामी दृढ संकल्प गर्छौं भन्ने आज यो ऐतिहासिक अवसरमा हामीले यो दृढ संकल्प गर्न जरुरी छ।' मदन-आश्रित स्मृति दिवसमा बल्खुमा आयोजित कार्यक्रममा बादलले भने, 'नेपालको राजनीतिक इतिहास केलाउँदा हामी के पाउँछौं भने, देशी-विदेशी शक्ति र सत्ताहरूका लागि कुनै राजनीतिक दल, त्यसको नेता वा कुनै व्यक्ति एउटा गम्भीर चुनौती र खतराको रूपमा उपस्थित हुन्छ, तब उनीहरूले आफ्नो सत्ताको रक्षाको लागि उनीहरूलाई भौतिक रूपमै समाप्त गर्ने, हत्या गर्ने, ध्वस्त पार्ने एउटा अन्तिम सहारा उनीहरूले लिने गर्दछन्, त्यसको अभ्यास गर्ने गर्दछन्।'

दासढुंगा घटना सामान्य सडक दुर्घटना या देशी-विदेशी शक्तिहरूको एउटा गम्भीर राजनीतिक षड्यन्त्र थियो भन्ने आजसम्म अनुत्तरित र रहस्यमय रहेको उनले बताए। कोतपर्वदेखि दरबार हत्याकाण्डसम्मको उदाहरण दिँदै बादलले भदौ २३-२४ सम्म आइपुग्दा यो शृङ्खलाको अन्त्य नभएको टिप्पणी गरेका छन्। 'हामीले भर्खरै भदौ २३-२४ गते पनि हामी दासढुंगा प्रकरण देख्छौं। राजनीतिक दलहरूलाई सिंगै जलाउने प्रयत्न गरियो, षड्यन्त्र गरियोल्यस। हामीले देख्यौं-हाम्रा पार्टी कार्यालयहरू, हाम्रा नेताहरूका निजी निवासहरूलाई जलाइयो, सिंगै देशलाई जलाइयो।'

त्यसदिन एमाले नेतृत्वमा रहेको सरकार र संसदलाई विघटन गर्ने षड्यन्त्र भएको भन्दै उनले थपे, 'यी घटनाहरू के हुन् ? यो वास्तवमा यसको अन्तर्यमा हामीले राजनीतिक रूपमा यसको विश्लेषण गर्दा यो दासढुङ्गा घटना कै निरन्तरता नै थियो।' फागुन २१ को चुनावको परिणाम र त्यसपछिका घटनाक्रमलाई केलाउँदै यी सबै दासढुंगा घटनाकै निरन्तरता रहेको टिप्पणी उनले गरे।

## एमालेमा नेतृत्व...

प्रतिनिधिसभा निर्वाचनमा एमालेले अनपेक्षित पराजय व्यहोरेको भन्दै चुनाव लगत्तैदेखि संस्थापन पक्षकै अधिकांश नेताहरूले 'अब ओलीले विकल्पका निम्ति ठाउँ छाडिदिनुपर्ने' सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन् । उपाध्यक्षहरू विष्णु पौडेल र पृथ्वी सुब्बा गुरूङ तथा उपमहासचिव योगेश भट्टराईलगायतका नेताहरू अलि अघिदेखि नै नेतृत्व पुनर्गठनको पक्षमा रहँदै आएकामा पछिल्लो समय महासचिव शंकर पोखरेलले समेत नेतृत्वको विकल्प खोज्न थालेपछि ओली क्रुद्ध बनेका छन् । पुनर्गठनको आवाज उठाउनेप्रति ओली कठोर रूपमा प्रस्तुत हुँदै जाँदा उपमहासचिव भट्टराईले 'अब तपाईंले के जित्नुपर्ने छ ?' भन्दै बैठकमै प्रतिवाद गरेको अर्का एक नेताले बताए । बैठकमा बोल्ने अरु नेताहरूले पनि ओलीको प्रतिवाद गरेको सचिवालयका नेताहरूको भनाइ छ ।

'पुनर्गठनमा लाग्नेलाई कारबाही गर्ने विषय उहाँले राख्नुभएको थियो, त्यसको जमेर प्रतिवाद भएको छ; आगामी बैठकमा अझ चर्को प्रतिवाद हुनेछ । उहाँ परिस्थितिको ठीक मूल्यांकन गर्ने, कमीकमजोरी महसुस गर्ने, आत्मालोचित हुने र अवरूद्ध आन्दोलनलाई निकास दिने पक्षमा हुनुहुन्न; यसबारे आगामी बैठकमा छलफल हुन्छ'- एमाले सचिवालयका एक नेताले बताए । शुक्रबार फेरि बस्ने सचिवालय बैठकमा छलफल गर्न ११ वटा कार्यसूची तय गरिएको छ भने सोमबार बसेको बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण गर्ने निर्णय गरेको छ ।

एमाले अखिलका पूर्वअध्यक्ष समित बडाललगायतका केही युवा नेताहरूले त एमाले नेतृत्वको पुनर्गठनको एजेण्डासहित भेला नै गराएका थिए । यसैका निम्ति उनीहरूले विभिन्न सार्वजनिक कार्यक्रमहरू समेत गर्दै आएका छन् ।

# सांसदहरूद्वारा प्रधानमन्त्री–मन्त्रीहरूसँग जवाफ माग

**काठमाडौं ।** श्रम संस्कृति पार्टीका सदस्यहरूले बिहीबार प्रतिनिधिसभा बैठक सुरु हुनासाथ आ-आफ्नो आसनबाट उठेर भनाइ राख्न सभामुखसँग समय माग गरेका थिए । सभामुख डोलप्रसाद अर्यालले उक्त दलका अध्यक्ष हर्कराज राईलाई बोल्ने समय दिएका हुन् ।

बैठकमा बोल्ने समय पाएपछि अध्यक्ष राईले जनताको सार्वभौम थलो प्रतिनिधिसभामा प्रधानमन्त्री र मन्त्रीहरू नियमित उपस्थित भई सदनमाा उठान भएका प्रश्नहरूको स्पष्ट जवाफ दिनुपर्ने माग गरे । उनले प्रधानमन्त्री वालेन्द्र शाहले गृह र रक्षा समेतको कार्यभार सम्हालेको अवस्थामा सीमा सुरक्षा, सुकुमवासीको व्यवस्थापन लगायत विषयमा जवाफ दिन सरकारको ध्यानाकर्षण गराए । अध्यक्ष राईको भनाइप्रति आफ्नो ध्यानाकर्षण भएको जनाउँदै सभामुख अर्यालले सांसदसँग आसन ग्रहण गर्न आग्रह गरेका थिए । सो दलका सदस्यहरूले सरकारको जवाफदेहिताको माग गर्दै सदनमा 'प्ले काड' समेत प्रदर्शन गरेका थिए । श्रम संस्कृति पार्टीको प्लेकार्ड प्रदर्शनका बाबजुद प्रधिनिधि सभाको बैठकमा विभिन्न विधेयकमाथि छलफल र निर्णयका लागि कार्यसूची तय गरिएको हो ।

बैठकमा प्रधानमन्त्री तथा गृहमन्त्री एवं विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्री बालेन्द्र शाहको तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले 'प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३' माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको थियो । यस्तै, 'मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३' माथि विचार गरियोस् भन्ने प्रस्ताव पनि प्रस्तुत गरिनेछ साथै 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' माथि विचार अघि बढाउने तयारी गरिएको छ । त्यससँगै, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२' माथि सदनमा दफावर छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्ने कार्यसूचि तय भएको छ । त्यसपछि अर्थमन्त्री वाग्लेले 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२' पारित गरियोस् भन्ने प्रस्ताव सभामा पेस गर्नेछन् ।

गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं !

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सवैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार !

नेपाल सरकार
विज्ञापन बोर्ड

# विपक्षीलाई 'पेलेर' अघि बढे सभामुख

**काठमाडौं ।** प्रतिनिधिसभामा प्रधानमन्त्री बालेन्द्र शाहको खोजि गर्दै विपक्षी दलका सांसदहरूले बैठक अवरोध गरिरहेका बेला सभामुख डोलप्रसाद अर्यालले पेलेरै सदनलाई अघि बढाएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकबाट तीन वटा विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको हो ।

प्रमुख प्रतिपक्षी दलको विरोधबीच 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचारि गरियोस्', 'मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव स्वीकृत भएको हो । प्रधानमन्त्री तथा गृहमन्त्री, विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री बालेन्द्र शाहकोतर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले तीनवटै प्रस्ताव प्रस्तुत गरेकी थिइन् । तीनवटै प्रस्तावमा सभामुख अर्यालले छलफलमा भाग लिन नाम माग गरे पनि कसैको पनि नाम प्राप्त नभएको भन्दै स्वीकृतिका लागि प्रस्तुत गरेका थिए ।

बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले आफ्नै स्थानबाट उभिएर विरोध जनाएको थियो । प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) तथा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसदहरूले रोष्ट्रम अघि गएर नारा जुलुस गरेका थिए । नीति तथा कार्यक्रमको छलफलमा सहभागी नभएका प्रधानमन्त्री प्रश्नोत्तरमा सहभागी हुनुपर्ने भन्दै सांसदहरूले रोष्ट्रममा उभिएर नाराबाजी गरेका थिए । विपक्षी दलको विरोधका बाबजुद सभामुखले बैठक अघि बढाएका थिए ।

विरोधकै बीच 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२' समेत प्रतिनिधिसभाबाट पारित भएको छ । सभामुखले प्रधानमन्त्रीको तर्फबाट कानुनमन्त्री सोबिता गौतमलाई प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक २०८३ को प्रस्ताव प्रस्तुत गर्न अनुमति दिएपछि फेरि अवरोध भएको थियो । विरोधबीच नै 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक २०८३, मतदाता नामावाली (पहिलो संशोधन) विधेयक, २०८३ तथा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ छलफलका लागि सभा पेश भएका छन् । त्यसअघि बसेको बैठक भने विरोधपछि १५ मिनेटका लागि स्थगित भएको थियो ।

सोही दिन दोस्रो पटक ढिलो गरी सुरु भएको बैठकमा समेत पुनः विपक्षीले नाराबाजी गरे पनि सभामुखले विरोधकै बीच बैठक सञ्चालन गरे ।

# 'हुम्ला–बाजुरा सीमा विवादको समाधन खोज'

**काठमाडौं ।** बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा सांसदहरूले हुम्ला र बाजुरा जिल्लाको सीमा विवाद तत्काल समाधान गर्न सरकारलाई ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै सांसदहरूले उक्त माग गरेका हुन् ।

आकस्मिक समयमा बोल्दै सांसद जयपति रोकायाले सरकारले वार्ता र संवादको माध्यमबाट दुई जिल्लाबीचको सीमा विवादबारे तत्काल समाधान खोज्न माग गरेका हुन् । 'हुम्ला र बाजुरा क्षेत्रको विवादलाई लिएर कर्णाली राजमार्ग नै अवरुद्ध भएको छ, राष्ट्रिय राजमार्ग अवरुद्ध हुँदा बिरामी, परीक्षा दिने विद्यार्थी, अतिआवश्यक कामका लागि जानुपर्ने सबैलाई असर परेको छ' उनले भने 'दुई जिल्लाबीचको सीमा विवाद सरकारले संवादबाट समाधान खोजी राजमार्ग तत्काल खुलाउनुपर्छ ।' सांसद केपी खनालले हुम्ला र बाजुरा जिल्लाको सीमा रानीसिंह क्षेत्रको विवादका कारण धनगढी उपमहानगरपालिकाका प्रमुख गोपी हमालसहितको समूहप्रति दुर्व्यवहार भएकोप्रति सरकारको ध्यानाकर्षण गराए । उनले हिमाली गाउँपालिका साइपाल क्षेत्र जडीबुटी र वन्यजन्तुको अपार भण्डार भएकाले त्यस क्षेत्रमा वर्षौंदेखि तस्करहरूले कर छलेर अवैध तरिकाले जडीबुटी र वन्यजन्तुको बेचबिखन गरेको विषयलाई प्रहरीचौकी राखेर नियन्त्रण गर्न खोज्दा दुर्व्यवहार भएको बताए । उनले त्यस क्षेत्रको नागरिकको सुरक्षा, जडीबुटीको संरक्षण र घाइतेको सरकारले उपचार गर्न माग गरे ।

यस्तै, सांसद जनकराज गिरीले यही जेठ ४ गते हुम्ला र बाजुरा जिल्लाको हिमाली गाउँपालिका-३ मा प्रहरी सहायक निरीक्षक महेश धामी र हिमाली गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापालगायतलाई सांघातिक आक्रमण गरिएकोप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद गिरीले यस क्षेत्रको सीमा विवाद तत्काल समाधान गर्न सरकारसँग माग गरे । केही समयदेखि प्रतिपक्ष दलले सरकारलाई सदनप्रति उत्तरदायी बनाउन खोजेको भए पनि सरकारले सदनको मर्यादा पालना नगरेको र परम्परा तोड्ने नाममा संसदको मर्यादा पालना नगरेको आरोप सांसद निश्कल राईले लगाए ।

सांसद अशोक चौधरीले 'जेन-जी' आन्दोलनका क्रममा इटहरी उपमहानगरपालिकाका दमकल र एम्बुलेन्स क्षति भएको भन्दै तत्काल नयाँ दमकल र एम्बुलेन्स व्यवस्था गर्न सरकारसँग माग गरे । सांसद वासना थापाले दैलेखको गुराँस गाउँपालिका वडा ७ मा २८ वर्षीय गणेश थापाको हिजो १२ बजे गोठालो जाने क्रममा करेन्ट लागेर सिकिस्त घाइते भएको र नेपाल विद्युत प्राधिकरणसँग सम्बन्धित यस्ता समस्याहरू धेरै भएकोप्रति तथा सांसद शोभा खनालले गोरखामा कतिपय पालिकामा बत्तीको समस्याले स्थानीयवासीले दुःख दिने गरेकोप्रति सदनमार्फत विद्युत प्राधिकरणलाई ध्यानाकर्षण गराए ।

# कांग्रेस निर्वाचन ब्युरोमा १७ सदस्य मनोनीत

**काठमाडौं ।** नेपाली कांग्रेसले 'निर्वाचन ब्युरो'मा १७ सदस्य मनोनयन गरेको छ । कांग्रेस सभापति गगनकुमार थापाले उपसभापति पुष्पा भुसालको संयोजकत्वमा गठित ब्युरोमा बुधबार १७ सदस्य मनोनयन गरेका हुन् ।

ब्युरोको सदस्यमा जीवन परियार (कास्की), अब्दुल सतार (गोरखा), नानु बाँस्तोला (काठमाडौं), सन्दीप राना (पाल्पा), वंशलाल तामाङ (सिन्धुपाल्चोक), प्रकाश तिवारी (स्याङ्जा), महेश ढुङ्गेल (काठमाडौं), दीपक महतो (सर्लाही), हरि पोखरेल (झापा) र सुदर्शन आचार्य (सिन्धुपाल्चोक) रहेका उल्लेख गरिएको छ । यस्तै, रोहित पौडेल (काठमाडौं), डा भूमिराज चापागाईं (नवलपुर), सिद्धार्थ थापा (धनकुटा), नवराज त्रिपाठी (बारा), तेजविनोद पौडेल (स्याङ्जा), जगनाथ लामिछाने (काठमाडौं) र मिलनराज बर्तौला (काठमाडौं) रहेका छन् ।

ब्युरोलाई पार्टीको देशव्यापी निर्वाचन 'डाटाबेस' निर्माण गर्ने र निर्वाचन तयारीलाई तथ्यांकमा आधारित र वैज्ञानिक बनाउने लक्ष्यसहित कार्यादेश समेत तोकिएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । ब्युरोले ७ सय ५३ स्थानीय तह ६ हजार ७ सय ४३ वडा र सात वटै प्रदेशका लागि विस्तृत निर्वाचन योजना तयार गर्ने, मतदाताको मनोविज्ञान र वस्तुस्थितिको विश्लेषण गरी उम्मेदवार छनोट प्रणालीलाई तथ्यपरक बनाउने जनाएको छ ।

निर्वाचन ब्युरोअन्तर्गत सात जना विज्ञको 'प्राविधिक समिति' रहने, त्यसमा डाटा विश्लेषण, अनुसन्धानकर्ता, राजनीतिक रणनीतिकार र डिजिटल विज्ञहरू समावेश गरिएको समेत कांग्रेसले बताएको छ । कांग्रेसले प्रदेशस्तरमा सूचना संकलनका लागि 'अपरेसनल टिम' र स्थानीयस्तरसम्म 'सूचनादाता' को सञ्जाल परिचालन र उक्त संयन्त्रले सामाजिक सञ्जालको प्रवृत्ति विश्लेषण, साप्ताहिक 'अपडेट' र मासिक विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने गरी कार्यादेश दिइएको जनाएको छ ।

# 'पदाधिकारी बर्खास्त गरी भ्याक्युम बनाइयो'

**काठमाडौं ।** नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संवेदनशील निकायका पदाधिकारीहरूलाई बर्खास्त गरेर सरकारले भ्याक्युम बनाएको टिप्पणी गरेका छन् ।

प्रतिनिधिसभाको शून्य समयमा धारणा व्यक्त गर्दै सरकारले राजनीतिक भागबण्डाका आधारमा नियुक्त गरेको आरोपमा सरकारले सारा संस्था खाली गरेर भ्याक्युम बनाएको आङ्देम्बेको तर्क थियो । संक्रमणकालीन न्यायका आयोग लगायत केही संवेदनशील संस्थामा समेत पुराना पदाधिकारीलाई बर्खास्त गरेको सरकारले छिटो सक्षम र निष्पक्ष व्यक्तिहरू ल्याएर सक्रिय पार्न जरुरी रहेको बताए ।

विस्तृत शान्ति सम्झौताको दुई दशक बितिसक्दा पनि द्वन्द्व पीडितहरू न्याय पाउनबाट वञ्चित रहेको चर्चा गर्दै उनले टिआरसी ऐनको संशोधन गरे पनि धेरै कानुनी कमजोरीहरू बाँकी नै रहेकाले नयाँ नियुक्त गर्नुअघि कमजोरीहरू सुधार्न ऐनको चौथो संशोधन आवश्यक रहेको बताए । त्यसतर्फ वर्तमान सरकारको ध्यान जानुपर्नेमा उनले जोड दिए ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं